अन्तिम लेखापरीक्षण प्रतिवेदन

चन्द्रपुर नगरपालिका
रौतहट

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

अन्तिम लेखापरीक्षण प्रतिवेदन

चन्द्रपुर नगरपालिका
रौतहट

आर्थिक वर्ष २०७९/८०



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

अन्तिम लेखापरीक्षण प्रतिवेदन

चन्द्रपुर नगरपालिका

रौतहट

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता
(Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ। यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन,खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलब्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

महालेखापरीक्षक

२०८१ जेठ

महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

मधेश प्रदेश

मितिः २०८१।२।११

प.सं. २०८०।८१

च.नं. १०२

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुखज्यू, चन्द्रपुर नगरपालिका,

नगर कार्यपालिकाको कार्यालय,

रौतहट।

१. **कैफियत सहितको राय** —हामीले चन्द्रपुर नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ति र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ति र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन्।

२.२. लेखापरीक्षणबाट रू.१८ करोड ४७ लाख १९ हजार बेरुजु देखिएको छ । सो सम्बन्धमा प्रतिक्रिया प्राप्त भएपनि फर्स्यौट नभएकोमा बाँकी बेरुजु असुल गर्नुपर्ने रू.३ करोड ६९ लाख ६० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१० करोड १४ लाख २१ हजार, नियमित गर्नुपर्ने रु.२ करोड ११ लाख २३ हजार र पेश्की बाँकी रु.२ करोड ५२ लाख १५ हजार समेत रु.१८ करोड ४७ लाख १९ हजार रहेको छ । नगरपालिकाको गतवर्ष सम्म रु.७१ करोड ६१ लाख ७६ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको

अद्यावधिक बेरुजु रु.९० करोड ८ लाख ९५ हजार रहेको छ । नगरपालिकाको बेरुजु वर्गिकरण र अद्यावधिक बेरुजु स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ। वित्तीय प्रतिवेदन तयार गर्ने नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाह लगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन्।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी नगरपालिकाको व्यवस्थापनमा रहेको छ। पालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन्।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(श्यामप्रसाद भण्डारी)

नायब महालेखापरीक्षक

चन्द्रपुर नगरपालिका,

रौतहट

१. चालु वर्ष २०७९।८० को बेरुजु

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फस्यौट			बाँकी बेरुजु			बेरुजु						
									असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिए को	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती								
७६	२५३	१८४७१९	०	०	०	७६	२५३	१८४७१९	३६९६०	२११२३	१०१४२१	०	०	१२२५४४	२५२१५

२. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
चन्द्रपुर नगरपालिका, रौतहट	७१६१७६	०	०	७१६१७६	०	१८४७१९	९००८९५

परिचय

१ **(क) कार्यालय परिचयः-** स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा १० वडा २४९६ वर्ग किलोमिटर क्षेत्रफल तथा ७२०५९ जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।१५ देखि २०८०।७।०१ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन् ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

चन्द्रपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय, रौतहट कार्यालयको कोड : ८०२२०४०७३००			
आ.व. : २०७९/८०			
प्रासी भुक्तानी हिसाव			
विवरण	**यस वर्ष रु.**		**गतवर्ष रु.**
	बजेट	**आफैले गरेको प्रासि/भुक्तानी**	**आफैले गरेको प्रासि/भुक्तानी**
प्रासी (क+ख)	१,४३,३२,०४,२६७.८७	१,०१,१३,५७,५३१.८३	९५,९५,१६,९४८.१८
क. प्रासि (संचितकोषमा आम्दानी बाँधिने)	१,३८,२८,६७,६४५.४२	९६,३६,२३,६९३.८३	९४,५८,४९,१८६.१८
११००० कर	२२,९७,२४,०००.००	१७,९४,३२,६१८.००	२४,७८,१५,६१२.५०
१३००० अनुदान	७६,४४,७५,०००.००	७४,५४,९४,७५०.००	६७,४५,४०,९४०.००
संघीय सरकार	७३,९४,७३,०००.००	७२,४३,६८,०००.००	६५,१०,७६,९४०.००
प्रदेश सरकार	२,५०,०२,०००.००	२,११,२६,७५०.००	२,३४,६४,०००.००

१४००० अन्य राजस्व	२१,४३,२७,४१३.७४	३,७०,१६,६७१.८३	१,८८,२७,४१८.६८
१५००० विविध प्राप्ति	३०,००,०००.००	१६,७९,६५४.००	४६,६५,२१५.००
३२००० वित्तीय सम्पत्ति	१७,१३,४१,२३१.६८	०	०
ख. अन्य प्राप्ति	५,०३,३६,६२२.४५	४,७७,३३,८३८.००	१,३६,६७,७६२.००
वितरण गर्न बाकी राजस्व	०	०	०
कोषहरु	५,०३,३६,६२२.४५	३,६७,०९,९२९.००	५६,४७,९००.००
धरौटी	०	१,१०,२३,९०९.००	८०,१९,८६२.००
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम	०	०	०
भुक्तानी (ग+घ)	१,४३,३२,०४,२६७.८७	१,०५,९८,२४,०९१.४६	९२,७७,५३,५२८.६०
ग. भुक्तानी (सञ्चित कोषबाट)	१,३८,२८,६७,६४५.४२	१,०२,०३,५४,९६०.३२	८९,९४,४९,७५७.१०
२१००० पारिश्रमिक / सुविधा	३१,५७,००,०००.००	३०,६४,५७,०३५.४४	९,७९,९३,७९१.४०
२२००० मालसामान तथा सेवाको उपयोग	१७,६७,७९,०००.००	१३,११,५२,५१६.८४	१५,९५,११,६७५.३२
२५००० सहायता (Subsidy)	७,१४,९०,०००.००	६,३६,५३,४९०.६२	२२,५१,२१,५६५.११
२७००० सामाजिक सुरक्षा	१,०२,२३,०००.००	८१,८०,९३६.००	१,३५,८२,८६१.००

२८००० अन्य खर्च	४,७७,७६,१९३.४२	४,६६,८८,५८७.४२	४,८२,६६,०२६.५३
३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	७६,०८,९९,४५२.००	४६,४२,२२,३९४.००	३५,४९,७३,८३७.७४
घ. अन्य भूक्तानी	५,०३,३६,६२२.४५	३,९४,६९,१३१.१४	९२,७७,५३,५२८.६०
कोषहरु	५,०३,३६,६२२.४५	३,३५,१८,५९९.१३	२,२३,८७,३१९.५०
धरौटी	०	७८,६३,४२०.००	५९,१६,४५२.००
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम	०	०	०
कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी		(१९,१२,८८७.९९)	
ङ. यो वर्षको बचत (न्युन)		(४,८४,६६,५५९.६३)	३,१७,६३,४१९.५८
च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)		१९,७८,४०,४२६.६८	१५,३६,२८,८२९.४१
वर्षान्तको बाकी रकम (ङ + च)		१४,९३,७३,८६७.०५	१८,५३,९२,२४८.९९
बैंक तथा नगद बाकी		१५,०२,९३,१९०.०५	१८,५६,१३,९४७.९९

सैद्धान्तिक बेरुजु

३ **वित्तीय विवरणको यथार्थता:** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ ।पालिकाले आर्थिक कारोवार लेखा गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको

कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ ।तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. २७९६८८१३२।– र गरीवसँग विशेश्वरको रु. ४६३०००।– समेत गरी रु २८०१५११३२।– सुत्रमा लेखा राखेको छैन । जसले गर्दा सुत्र प्रणालीवाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार सुत्र मार्फत् हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

४ **फरक जिम्मेवारीः** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.२० करोड ६४ लाख ४ हजार मौज्दात रहेकोमा यो वर्ष रु.१७ करोड १३ लाख ४१ हजार जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. २ करोड ६४ लाख ९९ हजार घटी जिम्मेवारी सारेको सम्बन्धमा पालिकाले एकिन गरी स्पष्ट गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

५ **फरक हिसाबः** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.२ करोड ६४ लाख ९९ हजार, यस वर्षको प्राप्ति रु. ३८ करोड ३४ लाख २९ हजार, यस वर्षको भुक्तानी रु.३४ करोड २७ लाख ३४ हजार र बैंक मौज्दातमा रु १ करोड ४१ लाख ९५ हजार फरक परेको छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं. २७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

(रु. हजारमा)

विवरण	**गतवर्षको जिम्मेवारी**	**यसवर्षको प्राप्ति**	**यसवर्षको भुक्तानी**	**बैङ्क मौज्दात**
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२)	१९७८४०	१०११३५७	१०५९८२४	१४९३७३
एकीकृत आर्थिक विवरणअनुसार	१७१३४१	१३९४७८६	१४०२५५८	१६३५६८
फरक	**२६४९९**	**३८३४२९**	**३४२७३४**	**१४१९५**

सैद्धान्तिक बेरुजु

६ **शसर्त अनुदान फिर्ताः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४५ अनुसार सङ्घीय सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । सुत्रबाट तयार भएको पालिकाको यस वर्षको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) को अनुसूची २१ बमोजिम निम्नानुसार शिर्षकको रकम फिर्ता गर्न बाँकी रु ४,१६,४७,७७९.७९ देखाएकोले उक्त रकम फिर्ता गरी फिर्ता गरी हिसाव फरफारक गर्नुपर्ने रु.

विवरण	**संघीय श्रोतको रु**	**प्रदेश श्रोतको रु**	**जम्मा**
१३३१२ : शसर्त अनुदान चालु	२,८४,६०,२९४.७९	०	२,८४,६०,२९४.७९
१३३१३ : शसर्त अनुदान पुँजीगत	८०,४६,१००.००	३,३०,४२९.००	८३,७६,५२९.००
१३३१४ : विषेश अनुदान चालु	४८,०८,९८६.००	०	४८,०८,९८६.००
१३३१५ : विषेश अनुदान पुँजीगत	०	१,९७०.००	१,९७०.००
१३३१७ : समपुरक अनुदान पुँजीगत	०	०	०
जम्मा	**४,१३,१५,३८०.७९**	**३,३२,३९९.००**	**४,१६,४७,७७९.७९**

प्रमाण पेश नगरेको	४,१६,४७,७७९

७ **बैङ्क हिसाब विवरणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरण अनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार

नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार फरक परेको छः

खाता	**स्रेस्ता अनुसार मौज्दात रु.**	**बैङ्क स्टेटमेन्ट अनुसार वर्षान्तको मौज्दात रु.**	**फरक रु.**
स्थानीय तह सञ्चित कोष खाता	५२७०११९	८४७३०७९	३२०२९६०
चालु खर्च खाता	४१७११७११	४४४८२२१८	२७७०५०७
पुँजीगत खर्च खाता	६०१७३८७१	५७७५२१७६	-२४२१६९५
विविध खर्च खाता	७८७९८६२	७८७०८६२	-९०००
विपद व्यवस्थापन खाता	५५४८७९६	५५४८७९६	०
स्थानीय विभाज्य कोष	०	०	०
कर्मचारी कल्याण कोष खाता विविधकोष	५७३१६५८	१५७५५००९	१००२३३५१
धरौटी मौज्दात	१६०३२९९०	१६०३२९९०	०
ग१.१, आन्तरिक राजस्व खाता	७९५३१८२	७९५३१८२	०
ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता	०	०	०
बैङ्क मौज्दात	**१५०३०२१८९**	**५३१६०८३९**	**१३५६६१२३**

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८ **बजेट पेश, पारित र अख्तियारीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उप प्रमुखले मिति २०७९ असार १० मा रु. १ अर्व ३८ करोड २८ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९ भदौ २५ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९ भदौ २८ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । पालिकाले समयमै बजेट पारित तथा अख्तियारी प्रदान गरी सार्वनिक स्रोतको अधिकतम उपयोग गर्न ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

९ **अबण्डा बजेटः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेसगर्नु पर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु.३ करोड (नगर प्रमुखबाट छनोट हुने योजना) र रु. २ करोड उप प्रमुखबाट छनोट हुने योजना अबण्डा बजेट व्यवस्था गरी हिउँदे सभाबाट प्रमुखको ३० र उप प्रमुखको १२ ओटा योजनामा गरी खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ। जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन्। तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१० **योजना प्राथमिकीकरणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार प्राथमिकताका आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नानुसार २०५ वडास्तरीय र ५२८ पालिकास्तरीय योजनामा वजेट विनियोजन गरेको छ।

क्र.सं.	**कार्यक्रमको नाम**	**योजना सङ्ख्या**	**रु.२० लाखमाथिका योजना सङ्ख्या**	**रु.५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या**	**रु.५ लाख भन्दा कमका योजना सङ्ख्या**

१.	पालिकास्तरीय	५२८	५७	२४३	२२८
२.	वडास्तरीय	२०५	५१	३७	१२१

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिको खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ। त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लिखित योजना मध्ये ५१७ योजनामात्र कार्यान्वयन भई २२२ योजना कार्यान्वयन हुन सकेको देखिएन। साथै पालिकाले उल्लेखित योजना मध्ये १२८ योजना रु १५ करोड ८५ लाख ७८ हजार बजेट घटाई २१९ योजनामा साविकको स्विकृत योजनामा बिनियोजन भएको रकम बढाई योजना सँशोधन गरी रु २४ करोड ८९ लाख ८१ हजार थप गरी कार्यान्वयनमा ल्याएको छ। तसर्थ, पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

११ **वार्षिक खरिद योजना/गुरुयोजनाः** कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, प्रदेश तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन। बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने जिम्मेवार पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१२ **लक्ष्य प्रगतिः** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक रु.१० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक रु.१० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. ५९ करोड ५३ लाख ७४ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१३ **सञ्चित कोषमा स्थानान्तरणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु. ४१७११४१०।०० पुँजीगत

खातामा रु.६०१७३८७०।०० आन्तरिक राजश्व खातामा रु.७९५३१८२।०० गरी रु. १०९७६५४४४।०० मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा स्थानान्तरण गरी हिसाब मिलान गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१४ **कर दायित्वः** पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं.२७२) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु. १९१२८८७।००देखाएको छ । यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अतः उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	१९,१२,८८७

१५ **आवधिक योजनाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन्। आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१६ **बजेट सीमा निर्धारण समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१७ **बजेट तथा कार्यक्रम तर्जुमाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा

परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१८ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानुन र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१९ **आन्तरिक लेखापरीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर त्रैमासिक रुपमा पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखपरीक्षण अवधि सम्म परी प्रतिवेदन पेश गरेको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२० **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छनः

- पालिकाले यस वर्ष कार्य सञ्चालन निर्देशिका तर्जुमा नगरी बैठक भत्ता, तालिम, गोष्ठी लगायतका कार्यक्रममा रु ४५लाख ४हजार खर्च गरेको छ ।

- पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।

- पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

- सञ्चालित योजनाको सूचनापाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र

सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।

• निजामती सेवा ऐन, २०४९ बमोजिम यस पालिकाकामा कार्यरत ४५ जना कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात मात्र लेखापरीक्षण र प्रतिवेदन दिने गरेको पाइयो।

• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।

• पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन ।

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन वापत रु. ३५ लाख २ हजार खर्च लेखेकोमा अधिकाँस अनुगमन प्रतिवेदन पेश गरेता पनि भ्रमण प्रतिवेदन पेश नगर्नुका साथै भ्रमण उपलब्धिको मूल्याङ्कन गरेको छैन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले रू. ६९ लाख १४ हजार खर्च गरेको छ । खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

• पालिका भित्रका विद्यालयहरुको अनुगमन निरिक्षण मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।

• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेको छैन।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२१ **आय अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.५ करोड ९० हजार प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.२ करोड ७३ लाख ४६ हजार अर्थात अनुमान भन्दा ५५ प्रतिशत मात्र आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

सैद्धान्तिक बेरुजु

२२ **आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ। (रु हजारमा)

केन्द्रीय अनुदानबाट प्राप्त	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
७४५४९४	२७२४६	३.६७

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ३.६७ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

२३ **असुली गर्न बाँकी आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । यस स्थानीय तहले विगत र यो वर्ष बन्दोबस्त गरेको आन्तरिक आय ठेक्कामा कार्यापालिकाको २०७९ श्रावण २५ को निर्णय न १० अनुसार देहायअनुसार व्यवसायिबाट रु.२ करोड १४ असुल गर्ने बाँकी रहेको छ । पालिकाले उठ्न बाँकी रहेको रकमको आयगत लगत समेत तयार गरेको छैन । जसबाट उठ्नुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी वास्तविक प्राप्तीको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन गरी उल्लिखित रकम सम्झौताअनुसारको व्याज तथा हर्जना समेत यकिन गरी असुल गर्नुपर्ने रु । रु

क्र.सं.	ठेकेदारको नाम	आय ठेक्काको नाम	सम्झौता रकम	बाँकी रकम मू अ कर समेत
१	आर एस कन्ट्रक्सन	१०।२०७७।७८ नदिजन्य	३ करोड १ लाख	२ करोड १४

		पदार्थ उत्खनन		लाख

असुल गर्नुपर्ने	२,१४,००,०००

२४ **कर तथा शुल्क असुलीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

आय शीर्षक	**अनुमान**	**असुली**	**असुली प्रतिशत**
एकीकृत सम्पत्ति कर र घरजग्गा कर	२५००००००.००	१६००१७२.००	६४
घरजग्गा वहाल कर	५०००००००.००	४९८०५८६.००	९९.६१
व्यवसाय कर	२५००००.००	९२५५०.००	३७
वहाल विटौरी शुल्क	८०००००००.००	८४६७३८३.००	१०६

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

२५ **ठेक्का व्यवस्थाः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिशपर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ५ देखि ४२।४८ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा

निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा सम्झौता गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

(रु. हजारमा)

क्र.सं.	योजनाको विवरण	ठेक्का नं.	बोलपत्रदाता	लागत अनुमान	सम्झौता रकम	घटी प्रतिशत
१	सिचाई योजना सनदपुर देखी बसन्तपुर समम	१। २०७९।८०	के एन थापा कन्ट्रक्सन	२४४११	२३१९१	५
२	चार्जीङ्ग स्टेसन निर्माण	३।२०७९।८०	के एन थापा कन्ट्रक्सन	२९५८७	२७४८१	७।११
३	विज स्टेशन निर्माण	४।२०७९।८०	मिसन लयोपाथ प्रा लि	६८६९२	६५८६१	४।१२
४	आधुनिक सिँचाई नहर निर्माण	१।२०७७।७८	डाईनामिक साहिल जे भि	२६९७१	११३	४२।४८

सैद्धान्तिक बेरुजु

२६ **आय ठेक्कामा मूल्य अभिवृद्धि करः** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(३) मा मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल गरी बेदर्तावालाबाट सङ्कलन गरिने राजस्व शिर्षक नं.३३११७ मा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले आय ठेक्का लगाउँदा मूल्य अभिवृद्धि कर रु. ३६४०००।०० असुल नगरेकोले असूल गरी उक्त राजस्व शीर्षकमा दाखिला गर्नुपर्ने रु.

क्र.सं.	ठेक्का विवरण	व्यवसायी	कबोल रकम	मू.अ.कर

१	पशुगत काटमार ठेक्का	गुरु गणेश निर्माण सेवा	८७५०००।००	११३७५०
२	चन्द्र निगहापुर हाटबजार	जय श्री ईन्टरप्राईजेज	१९२५०००।००	२५०२५०
	जम्मा			**३६४०००।००**

असुल गर्नुपर्ने	३,६४,०००

२७ **राजश्व वाँडफाँडः** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ अनुसार स्थानीय तहले आर्थिक ऐन बमोजिम असुल गरेको प्रदेश र स्थानीय तह विच बाँडफाड हुने रकमको विवरण पालिकाले राखेको छैन । जसले गर्दा राजश्व वाँडफाँड गर्नुपर्नेमा नगरेकोले रकम एकिन गर्न सकिएन । पालिकाले अन्य प्राकृतिक स्रोतको आय तथा रोयल्टी रकम एकिन गरी वा सम्बन्धित निकायलाई बाँडफाँड गरी पठाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२८ **राजश्व अभिलेखः** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अधिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्‍याउनुपर्ने देखियो ।

सैद्धान्तिक बेरुजु

२९ **राजस्व असुलीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २७ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाभित्रका १० वडाहरुमध्ये नमूना छनौट गरी निम्नानुसारका वडाहरुको राजस्व असुली परीक्षण गर्दा रु.८२३५१३९।१६ असुली भएकोमा रु.८२२३८८३।४३ मात्र दाखिला भएको छ भने लेखापरीक्षणको क्रममा वडा न ६ को ५२२१।६३ दाखिला भएको छ । भने वडा न १ ले रु६४३४।०० दाखिला गर्न बाँकी देखिएकोले रकम दाखिला गर्नुपर्ने रु..

क्र सं	**वडा नं**	**आय**	**अशुली रु.**	**दाखिला रु.**	**दाखिला गर्न बाँकी**

		शिर्षक			
१	१	विभिन्न	३७९९२४।०४	३७३४८९।९४	६४३४।१०

असुल गर्नुपर्ने	६,४३४

३० **व्यवसाय करः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.९२५५०।०० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छ्रन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३१ **चौमासिक खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ । रु हजारमा

बजेट उपशिर्षक	कुल खर्च	त्रैमासिक खर्च				आषाढ महिनाको खर्च
		प्रथम	दोस्रो	तेश्रो	चौथो	
पुंजीगत खर्चतर्फ	४६४२२१	१०४१८४	४५१०२	८६१०५	२२८८३०	११७५७८
प्रतिशत		२२	१०	१९	४९	२५

उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.४६ करोड ४२ लाख २१ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. १० करोड ४१ लाख ८४ हजार (२२ प्रतिशत), दोस्रो त्रैमासिकमा रु४ करोड ५१ लाख २ हजार (१० प्रतिशत) र तेस्रो त्रैमासिकमा रु.८ करोड ६१लाख ५ हजार (१९ प्रतिशत) चौथो त्रैमासिकमा रु.२२ करोड ८८ लाख ३० हजार (४९ प्रतिशत) खर्च गरेको छ । यसरी नै आषाढ महिनामा मात्र रु११करोड ७५ लाख ७८ हजार (२५प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने

गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३२ अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेता पनि सो अनुसार योजना तयार गरेको छैन । साथै योजना दिगो विकास लक्ष्य दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्ने गरी आवधिक योजना तयार गरी लागू गरेको समेत छैन ।

सैद्धान्तिक बेरुजु

३३ **जटिल संरचना निर्माणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र अह्वाण गरी प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

उपभोक्ता समितिको नाम	**कामको विवरण**	**भुक्तानी रकम**
वडा नं ४ अधुरो वडा कार्यालय भवन निर्माण उ स	भवन निर्माण	७,४८,३११.००
अम्विका आधारभुत विद्यालय अधुरो भवन निर्माण उ स	भवन निर्माण	१०,६५,१८०.००
वडा नं २ बर्थिङ्ग सेन्टर निर्माण तथा सन्चालन उ स	बर्थिङ्ग सेन्टर निर्माण	२५,१८,०९५.००
इलाका प्रहरी कार्यालय पश्चिम कालोपत्रे तथा खानेपानी विस्तार उ स	सडक कालोपत्रे	१२,४४,८७९.००

सैद्धान्तिक बेरुजु

३४ **वितरणमुखी खर्चः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ट्रयकसुट वितरण , खेलकुद तथा नगर प्रमुख र उप प्रमुखको कार्यक्रम तथा धार्मिक साँस्कृतिक कार्यक्रम , आर्थिक

सहयोग जस्ता शिर्षकबाट ट्र्याकसुट, टसर्ट, बृद्ध बृद्धालाई लौरो खेलकुद समाग्री तथा ड्रेस जस्ता बस्तू खरिद तथा तथा वितरण गरी रु ३ करोड ७७ लाख ९४ भुक्तानी दिएको छ। खरिद गरेको सामाग्री मध्ये पालिकाले अधिकाशँ समाग्री विद्यालय तथा वडा र युवा तथा खेलकुद क्लब हरुलाई बुझाएको छ । सम्बन्धित विद्यार्थी र खेलाडी को वितरणको प्रमाणित भरपाई पेश भएको छैन। कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैंन । तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गर्नुपर्दछ । वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपदर्छ ।

सैद्धान्तिक बेरुजु

---

३५ **ठेक्का अभिलेखः** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

---

३६ **सम्पत्तिको प्राप्ति उपयोग र संरक्षणः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिका सँग घर जग्गाको लगत , सवारी साधनको लगत ,उपकरणको लगत ,सरकारी सार्वजनिक जग्गाको लगत तथा सो को सँरक्षणको लागी गरेको प्रयासको विवरण माग गरेकोमा सो अनुसारको विवरण पेश गरेको छैन । यस्तो विवरण पेश नहुँदा मितव्ययी तरिकाले खरिद गरेको, जिन्सी दाखिला तथा सँरक्षण, अन्यत्र असम्बन्धित क्षेत्रमा खर्च प्रवाह गरेको, विग्रेको टुटे फुटेको प्रयोग नभएको, गुणस्तरीय सामग्री संरचना भएको सरकारी सम्पती सँरक्षण गरेको तथा सरकारी सार्वजनिक जग्गा सँरक्षण गरेको सम्बन्धमा विश्वस्त हुन सकिएन।

सैद्धान्तिक बेरुजु

---

३७ **गत वर्षको भुक्तानीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमासमेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था गरी रु. २५ करोड ४९ लाख १० हजार व्यवस्था गरी विभिन्न कार्यक्रममा भुक्तानी दिएको छ। पालिकाले बजेट व्यवस्था नभएको शिर्षकमा खर्च गरी आगामी बर्षमा जिम्मेवारी सार्दा चालु बर्षको कार्यक्रममा प्रभाव पर्ने हुदा बजेट अनुसारको कार्यक्रम स्वकृत गरी खर्च गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

---

३८ **खरिद गुरुयोजनाः** सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु. १० करोड भन्दा बढी रकमको वस्तु, निर्माण,

परामर्श लगायत खरिद गर्दाखरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले रु. ५९ करोड ५३ लाख ७४ हजारको खरिद गरेकोमा खरिद गुरुयोजना तयार गरेको पाइएन । पालिकाले नियममा भएको व्यवस्था अनुसार खरिद गुरुयोजना तयार गरी प्यकेजिङ्ग गरी प्रतिश्पर्धाको माध्यमबाट खरिद गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

---

३९ **स्थानीय सरकार सञ्चालनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जस अनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ४० वटा नमूना कानुनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १९ वटा ऐन, ८वटा नियमावली,४२कार्यविधि, १ मापडण्ड,२ रणनिती ,८ निती ,४ आचारसँहिता ,९ निर्देशिका लगायत ९३ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले ९३ वटा कानुनहरु निर्माण गरी सभा कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानुनहरु राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानुनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

---

४० **खर्च बिश्लेषणः**

बिश्लेषणः पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु २७३४६३४९।०० राजस्व बाँडफाँड र अनुदानबाट रु ९७४०११९८२।००समेत रु १०११३५७०००।०० आम्दानी भएकोमा चालु तर्फ रु ५४७१३५१२७।८३ र पूँजिगत तर्फ रु ४६४२२२०००।०० समेत रु १०५९८२४०९१।४६ खर्च भएको छ । नपुग खर्च गत बर्षको जिम्मेवारीबाट गरेको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २।५८ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु २५२२१६७०।०० खर्च भएको छ जुन आन्तरिक आयको ९२।२३ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५६ प्रतिशत चालु र ४४ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ पुजिंगत निर्माणको अधिकाशँ खर्च चालु प्रकृतिको रहेको छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

---

४१ **न्यायिक समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्र्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी को अभिलेख नरहेको र यो बर्ष ३० वटा उजूरी दर्ता भएकोमा १६ वटा मात्र फस्यौंट भई १४ बाँकी रहेको मध्ये १० वटा प्रक्रियामा रहेको र ४ ओटा अदालतमा गएको देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४२ **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

सि न	**क्षेत्र/उपक्षेत्र**	**विनियोजन**	**खर्च**	**खर्च (%)**
१	आर्थिक विकास	७,८२,५८,३५६.००	२,७९,६५,०१९.००	३५.७२
२	सामाजिक विकास	११,८५,८२,२४६.००	७,३६,३४,१५८.००	६२.१
३	पूर्वाधार विकास	३७,८३,३६,४७४.००	२१,५८,९८,९८६.००	५७.०७
४	सुशासन तथाअन्तरसम्बन्धित क्षेत्र	१,४४,५०,०००.००	६५,४४,३४१.००	४५.२९
५	कार्यालय सञ्चालन तथाप्रशासनिक	२४,५१,६७,५६९.४२	१९,१८,८७,२३६.११	७८.२७
कुल जम्मा		८३,४७,९४,६४५.४२	५१,५९,२९,७४०.११	६१.८

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये कार्य सन्चालन तथा प्रशासनिक खर्चमा सबैभन्दा बढी ७८।२८ प्रतिशत र पुर्वाधार विकास र आर्थिक विकासमा मा सबै भन्दा घटी क्रमश ५७ र ३५ प्रतिशत रहेको छ ।

सैद्धान्तिक बेरुजु

४३ **सहकारी नियमनः** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ६३ वटा सहकारी संस्था सक्रिय रुपमा सन्चालमा रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

• मिति २०८०।४।१६ को पालिकाको पत्रबाट ईलाका प्रशासन कार्यालय चन्द्रनिगहापुर रौतहट लाई डाँफे बचत तथा ऋण सहकारी सँस्था लिमिटेड सन्चालनमा नरहेको, शेयरधनिको बचत तथा शेयर फिर्ता नगरेको, आर्थिक हिनामिना गरेकोले सन्चालक झिकाई रकम फिर्ता गर्न सहयोग माग गरेकोमा कार्यान्यवन भएको नदेखिएकोले सहकारी ऐन २०७४ बमोजिम कारवाही गरी बचतकर्ताहरुको रकम फिर्ता गर्ने तर्फ सम्बन्धित निकायको ध्यान जानु पर्दछ ।

• सहकारी नियमावली, वचत तथा ऋणको मुख्य कारोवार गर्ने संस्थाहरुको सुपरिवेक्षण, नीरीक्षण तथा अनुगमन निर्देशिका, सम्पत्ति शुद्धीकरण विवरण सम्वन्धी सहकारी संस्थालाई जारी गरिने निर्देशिका, साधारणसभा सम्वन्धी निर्देशिका, सहकारी संस्थामा सुशासन प्रवर्द्धन निर्देशिका बनाई जारी भएको नदेखिएको ,संस्थाले सदस्यलाइ दिने ऋणमा सेवा शुल्क तथा नविकरण शुल्क तोकिए बमोजिम हुने भन्ने दफा ३९(३)को व्यवस्था अनुसार नियमावली जारी नभएको र सम्पूर्ण संस्थाहरुले कारोवारको चौमासिक, वार्षिक प्रतिवेदन नीति, योजना, शेयर सदस्य संख्या र शेयर रकम, खुद बचत सम्वन्धी नीति, योजना समेतको विवरण कानुन वमोजिम उपलब्ध गराउनु पर्नेमा गराएको देखिएन ।

• व्याजलाई पुँजीकृत गरी व्याज लिने, अन्य कम्पनीको शेयर खरिद गर्ने, गैर सदस्यलाई ऋण दिने, संस्थाको रकम उद्देश्य विपरीत अन्यत्र लगानी गर्ने, अन्य शुल्कहरु लिने, कानुन परिपालना नगर्ने संस्थाको सुक्ष्म र प्रभावकारी रुपमा अनुगमन निरीक्षण गरी सहकारी संस्थासँग सम्वन्धीत फाइलहरु छुट्टा छुट्टै रुपमा राखी अध्यावधिक कानुन वमोजिम कारवाही गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४४ **कानुनी सल्लाहकारः** स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधासम्बन्धी ऐन, २०७५ मा पदाधिकारीहरूको लागि स्वकीय सचिव र सल्लाहकार राखी पारिश्रमिक दिने व्यवस्था छैन। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७७।११।२५ को परिपत्र अनुसार मापदण्ड बनाई यस्तो खर्च लेख्ने उल्लेख गरे तापनि सो अनुसार मापदण्ड बनाएको देखिएन ।पालिकाले यस वर्ष १ जना कानूनी सल्लाहकार दिलिप कोईराला लाई नियुक्त गरी बार्षिक रु ३६००००।०० पारिश्रमिकमा १५ प्रतिशत कर कट्टा गरी रु. ३०६०००।०० भुक्तानी दिएको छ । सल्लाहकार नियुक्ति गर्दा स्पष्ट कार्य विवरण तयार नगरेको साथै निजको कार्य सम्पादन अभिलेख र विल विजक समेत नराखी भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	३,०६,०००

४५ **अधुरा आयोजनाः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय

तहले यो वर्ष देहायअनुसार योजनाको अधुरो लागत अनुमान तयार गरी लागत अनुमान सम्मको कार्य सम्पन्न तयार गरेको पाईयो । यसरी अधुरो निर्माण कार्यलाई अर्को बर्षमा निरन्तरता समेत नदिएकोले सम्पन्न नगरी अधुरो रहेको कारण सोको उपयोग हुन सकेको छैन भने त्यस्ता योजना अलपत्र अवस्था समेत रहँका छन् । यस सम्बन्धमा पालिकाले जिम्मेवारीपूर्वक कार्य सम्पादन गर्नुपर्दछ । यसका उदाहरण निम्नानुसार रहेका छन्

गो भौ न र मिति	**निर्माण व्यसायी वा उपभोक्ता समितिको नाम र कामको व्यहोरा**	**भुक्तानी रकम**	**कैफियत**
७९।२०७९।६।११	वडा न ३ मा कृष्ण प्रमामी मन्दिर निर्माण उ स	९६६०७६।००	प्लाष्टर सम्मको ल ई तयार गरी कार्य सम्पन्न बनाएको ।
१३१।२०७९।६।१४	हिलेखोला हिलेश्वर प्रा वि भवन निर्माण	१४४७७५५।००	अधुरो ल ई तयार गरी कार्यसम्पन तयार गरेको ।
४१।२०७९।०६।०७	वडा न ८ मा रहेको बेतौना सामुदायिक भवन निर्माण	२०६२९६८।००	अधुरो भवन रहेको ।

सैद्धान्तिक बेरुजु

४६ **औषधि खरिदः** पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ। आपूर्ति हुने औषधि वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा तोकिएको म्याद कम्तिमा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले यस आ व मा रु २७ लाख ६६ हजारको औषधि शिलबन्दी तथा कोटेशनबाट खरिद गरेको देखिन्छ।आपूर्ति हुने औषधि तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४७ **सेनिटरी प्याडः** स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ । साथै दफा ५ मा

स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाले ओम सप्लायर्स महेशपुर बाट ७६४२३ थान स्यानिटरी प्याड रु.३६२७०००।०० (मु अ कर समेत) मा खरिद गरेको छ।दाखिला प्रतिवेदन न ३०१ मिती २०८०।३।२२ मा दाखिला गरी सोही मितिमा माग फारम निकासी न ४०३ बाट नगरपालिका शिक्षा शाखामा वितरणको लागी खर्च लेखेकोमा सम्बन्धित छात्राहरुले बुझेको भरपाई लेखापरीक्षको क्रममा पेश गरेको छैन । साथै पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४८ **न्यानो झोलाः** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । पालिकाबाट १९०६ थान न्यानो झोला २ सप्लायर्स बाट रु १४९६८७६।०० मा खरिद गरेकोमा पालिकाको स्टोर शाखाबाट बर्थिङ्ग सेन्टरको लागी स्वास्थ्य सह सँयोजक मातृका चालिसेले बुझि लिएकोमा सम्बन्धितले बुझेको भरपाई पेश गरको छैन ।साथै खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४९ **विमाः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा १० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि वाहेक सम्पूर्ण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ ।पालिकाले उपभोक्ता समितीहरुबाट काम गराएकोमा कुनै पनि समितिले विमा नै नगराइ निर्माण कार्य गराएको छ । यसरी वीमा नगराइ नियमावलीले गरेको व्यवस्था विपरीत खरिद सम्झौता गर्ने पदाधिकारीलाइ जिम्मेवार वनाइ वीमा गरेर मात्र निर्माण कार्य गर्ने तर्फ आयोजनाले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५० **प्राविधिक बिल र कार्य सम्पन्नः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले

वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५१ **उपभोक्ता समितिलाई सिमाभन्दा बढीको कार्यः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा रु.१ करोडसम्म लागत अनुमान भएको सोही आर्थिक वर्ष भित्र सम्पन्न गर्न सकिने निमार्ण कार्य मात्र सम्बन्धित उपभोक्ता समितिबाट गराउन सकिने तथा उक्त लागतमा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी र जनसहभागिताको अंश समेतको रकम समावेश हुने व्यवस्था छ । तर पालिकाले घले टोल राई टोल जाने बाटो कालोपत्रे गर्नको लागी सडक निर्माण उ स लाई रु.१०२४८४१९।०० लागत अनुमान भएको योजनामा पालिकाले रु ९३००००००।०० कन्टेन्जेन्सी समेत र जश्रमदानबाट रु.९४८४१७।०० व्यहोर्ने गरी उपभोक्ता समितिबाट गराएको पाइयो । जसमा यस वर्ष रु.३२३०९०६।०० खर्च लेखेको छ ।सार्वजनिक खरिद नियमावलीमा भएको व्यवस्था विपरीत हुने गरी यस्ता ठुला आयोजना निर्माणको कार्य उपभोक्ता समितिबाट नगरी प्रतिस्पर्धात्मक र मितव्ययी हुने गरी बोलपत्रको माध्यमबाट हुनुपर्दछ । पालिकाले यस्तो कार्यमा सुधार गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५२ **पूँजीगत बजेटमा चालु प्रकृतिका खर्चः** पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रु.९ करोड ९५ लाख ५९ हजार भुक्तानी दिएको पाईयो । यस्ता खर्चका उदाहरणहरु निम्नानुसार रहेका छन् । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

क सं	कार्यक्रम	रकम
१	महिलाको क्षमता बृद्धि तथा शसक्तिकरण	३४९०००।००
२	वडा कार्यालय सँरक्षण तथा व्यवस्थापन	१४९४७०।००
३	खेलकुद प्रतियोतिता	५४७२८।००

४	कर्मचारी व्यवस्थापन	४५५०००।००
५	वडा न १ मा कार्य सन्चालन खर्च	२०९४८७।००
६	कर्मचारीतलव व्यवस्थापन	७०००००।००
७	वडान.१/२/६ र ८ मा ड्रेस वितरण	१५०००००।००
८	महिलाहरुको मागमा आधारित कार्यक्रम	१४९४०००.

सैद्धान्तिक बेरुजु

५३ **जिन्सी व्यवस्थापनः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

• कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन । कार्यालयले सामान खरिद गर्दा हालसम्म Manual दाखिला गरेको छ ।अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।

• यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

• नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५४ **आर्थिक सहायताः** पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न.संघसंस्था र व्यक्तिहरुलाई रु..२९ लाख ७३ हजार आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.२ करोड ७३ लाख ४६ हजारको १०.८७ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ । जसका उदाहरण निम्नानुसार रहेका छन् ।

गो. भौ. नं. मिति	**भुक्तानीपाउने**	**विवरण**	**रकम**
३५४।०७९।१२।०६	श्यामकुमार चौधरी	मिटरब्याजविरुद्धको संघर्ष समिती	१५,०००
३६९।०७९।१२।१२	नेपालतामाङ्ग घेदुङ्ग	सम्मेलनसहयोग	६३,७००
४२०।०७९।१२।२२	नपाल मगरसंघ	स्थापनादिवशका लागि सहयोग	५०,०००
४४२।०८०।०१।१३	पासवानचौधरी	७ औस्थापना दिवशमा सहयोग	१५,०००
६०९।२०८०।२।१६	विमिन्न ९ व्यक्ती	आर्थिक सहायता	११४०००

सैद्धान्तिक बेरुजु

५५ **सामाजिक सुरक्षा-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ।कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ।यस पालिकाले यस बर्ष सामाजिक सुरक्षा भत्ता रु २७९६८८१३२।०० विभिन्न बैङ्कमार्फत वितरणको लागी खर्च लेखेकोमा । लेखापरीक्षणको क्रममा सम्बन्धित बैङ्कहरुमा सामाजिक सुरक्षा भत्ता वितरणको माग गर्दा बैङ्कलाई निकासा भएको रकममध्ये बैङ्कमा बाँकी रहेको विवरण पेश हुन आएन । पालिकाले बैंकमा बाँकि भएको रकम एकिन गरी सँघिय सन्चित कोष दाखिला गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५६ **दोहोरो भत्ताः** समाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को लेखापरीक्षणको क्रममा कार्यालयले उपलब्ध गराएको रिभर्सफिडका आधारमा वडा न १ र २ छनौट गरी पहिलो त्रैमासिकमा सामाजिक सुरक्षा भत्ता वितरणको विवरण परीक्षण गर्दा निम्नानुसार लाभग्राहीलाई दोहोरो भुक्तानी गरको देखिएकोले नजहरुलाई सवै किस्तामा सोही अनुसार रकम गएको मानी रु. २५६७६१६।०० दोहोरो भत्ता भुक्तानी भएको सम्बन्धमा

पालिकाले एकिन गर्नुका साथै अन्य वडाको सम्बन्धमा समेत छानविन गरी संघीय संचितकोष दाखिला गर्नुपर्ने रु.

सि.नं	लाभग्राहीको नाम	वडा नं.	बैंकको नाम	प्रकार	ना.प्र.नं.	दोहोरो भुक्तानी रकम चार किस्ता
१	भुल प्रसाद दाहाल	१	नेपाल बैंक लिमिटेड	जेष्ठ नागरीक	१७२	४८०००
२	शान्त माया महर्जन	१	नेपाल बैंक लिमिटेड	जेष्ठ नागरीक	१७२	३१९२०
३	काली मगर्नी	१	नेपाल बैंक लिमिटेड	जेष्ठ नागरीक	५४१	४८०००
४	ईन्द्रमाया मगर्नी	१	नेपाल बैंक लिमिटेड	जेष्ठ नागरीक	५४१	३१९२०
५	मनमाया दाहाल	१	नेपाल बैंक लिमिटेड	जेष्ठ नागरीक	४४२	४८०००
६	सावित्रा देवी	१	नेपाल बैंक लिमिटेड	जेष्ठ नागरीक	४४२	४८०००
७	मंगली कुमारी कामी	१	नेपाल बैंक लिमिटेड	जेष्ठ नागरीक	४९६५	४८०००
८	शिव कुमारी थाना	१	नेपाल बैंक लिमिटेड	विधुवा	४९६५	३१९२०
९	प्रेम बहादुर ठोकार	१	नेपाल बैंक लिमिटेड	जेष्ठ नागरीक	१०८	४८०००
१०	धन कुमारी	१	नेपाल बैंक	जेष्ठ	१०८	३१९२०

	पोखरेल		लिमिटेड	नागरीक		
११	सावित्रा घिमिरे	१	नेपाल बैंक लिमिटेड	जेष्ठ नागरीक	१०५३	४८०००
१२	श्री लक्ष्मी जघी	१	नेपाल बैंक लिमिटेड	जेष्ठ नागरीक	१०५३	३१९२०
१३	ठुली माया सारु	१	नेपाल बैंक लिमिटेड	जेष्ठ नागरीक	३६७४	४८०००
१४	भिम माया बस्नेत	१	नेपाल बैंक लिमिटेड	जेष्ठ नागरीक	३६७४	४८०००
१५	अम्बिका देवी पोखरेल	१	नेपाल बैंक लिमिटेड	जेष्ठ नागरीक	१०३६	३१९२०
१६	छाँया देवी पहाडी	१	नेपाल बैंक लिमिटेड	जेष्ठ नागरीक	१०३६	३१९२०
१७	अम्बिका राउत	१	नेपाल बैंक लिमिटेड	जेष्ठ नागरीक	१०३६	३१९२०
१८	गौरी माया परिया	१	नेपाल बैंक लिमिटेड	विधुवा	१०३६	३१९२०
१९	हेम कुमारी कामी	१	नेपाल बैंक लिमिटेड	विधुवा	११२६	३१९२०
२०	सुन्तली भण्डारी	१	नेपाल बैंक लिमिटेड	विधुवा	११२६	३१९२०

२१	निता घिमिरे	१	नेपाल बैंक लिमिटेड	विधुवा	३२३०७८३२४	३१९२०
२२	चनु देवी मलाह	१	नेपाल बैंक लिमिटेड	विधुवा	३२३०७८३२४	३१९२०
२३	आइति देवी	२	नेपाल बैंक लिमिटेड	जेष्ठ नागरीक	१६०८	४८०००
२४	आइति देवी	२	नेपाल बैंक लिमिटेड	जेष्ठ नागरीक	१६०८	४८०००
२५	भगौरा देवी	२	नेपाल बैंक लिमिटेड	जेष्ठ नागरीक	१६०८	४८०००
२६	बाली माया	२	नेपाल बैंक लिमिटेड	जेष्ठ नागरीक	१६८३	४८०००
२७	टिका प्रसाद कंडेल	२	नेपाल बैंक लिमिटेड	जेष्ठ नागरीक	१६८३	४८०००
२८	भरत राई	२	नेपाल बैंक लिमिटेड	जेष्ठ नागरीक	१५२६	४८०००
२९	फुलमाया कुशवाह	२	नेपाल बैंक लिमिटेड	विधुवा	१५२६	४८०००
३०	विर वहादुर राना मगर	२	नेपाल बैंक लिमिटेड	जेष्ठ नागरीक	२७२७	४८०००
३१	विर वहादुर राना मगर	२	नेपाल बैंक लिमिटेड	जेष्ठ नागरीक	२७२७	४८०००

३२	राम अक्सवर चौधरी	२	नेपाल बैंक लिमिटेड	जेष्ठ नागरीक	२७२७	४८०००
३३	चन्द्रमाया मगर्नि	२	नेपाल बैंक लिमिटेड	जेष्ठ नागरीक	९८३	४८०००
३४	सुनमाया कुशवाह	२	नेपाल बैंक लिमिटेड	जेष्ठ नागरीक	९८३	३१९२०
३५	चुनमुनयायिनि रैनी	२	नेपाल बैंक लिमिटेड	जेष्ठ नागरीक	४४१३	४८०००
३६	गंगा देवी राई	२	नेपाल बैंक लिमिटेड	जेष्ठ नागरीक	४४१३	४८०००
३७	धनमाया राई	२	नेपाल बैंक लिमिटेड	जेष्ठ नागरीक	१८३३	३१९२०
३८	सभादेवी	२	नेपाल बैंक लिमिटेड	जेष्ठ नागरीक	१८३३	४८०००
३९	गोविन्द ब. कार्की	२	नेपाल बैंक लिमिटेड	जेष्ठ नागरीक	३०६३	४८०००
४०	नर ब. उप्रेती	२	नेपाल बैंक लिमिटेड	जेष्ठ नागरीक	३०६३	४८०००
४१	हरी प्रसाद मैनाली	२	नेपाल बैंक लिमिटेड	जेष्ठ नागरीक	७	४८०००
४२	मन ब. खत्री क्षेत्री	२	नेपाल बैंक लिमिटेड	जेष्ठ नागरीक	७	४८०००

४३	हरिमाया खत्री	२	नेपाल बैंक लिमिटेड	जेष्ठ नागरीक	४६७४	४८०००
४४	जसुन माया	२	नेपाल बैंक लिमिटेड	विधुवा	४६७४	३१९२०
४५	हर्क माया खत्री	२	नेपाल बैंक लिमिटेड	जेष्ठ नागरिक	१३९३	४८०००
४६	लाभन्यावती पाण्डे	२	नेपाल बैंक लिमिटेड	जेष्ठ नागरिक	१३९३	४८०००
४७	कृष्ण कुमारी आचार्य	२	नेपाल बैंक लिमिटेड	जेष्ठ नागरिक	१६०६	४८०००
४८	रण कुमारी आचार्य	२	नेपाल बैंक लिमिटेड	जेष्ठ नागरिक	१६०६	४८०००
४९	पार्वति देवि थरुनी	२	नेपाल बैंक लिमिटेड	जेष्ठ नागरिक	२४७८	४८०००
५०	दुर्गादेवी दर्जि	२	नेपाल बैंक लिमिटेड	जेष्ठ नागरिक	२४७८	३१९२०
५१	रमानन्द चौधरी ठुलो	२	नेपाल बैंक लिमिटेड	जेष्ठ नागरिक	१६१८	४८०००
५२	मैया कु. पराजुली	२	नेपाल बैंक लिमिटेड	विधुवा	१६१८	३१९२०
५३	सुब्बा सिंह घलन	२	नेपाल बैंक लिमिटेड	जेष्ठ नागरीक	१५६१	४८०००

५४	इन्दिरा आचार्य	२	नेपाल बैंक लिमिटेड	जेष्ठ नागरीक	१५६१	३१९२०
५५	तेज बहादुर दर्लामी	२	नेपाल बैंक लिमिटेड	जेष्ठ नागरीक	१७७४	४८०००
५६	विष्णु कुमारी बस्नेत	२	नेपाल बैंक लिमिटेड	जेष्ठ नागरीक	१७७४	३१९२०
५७	पुण्य प्रभा देवी	२	नेपाल बैंक लिमिटेड	जेष्ठ नागरीक	१४१३	४८०००
५८	मन्डोमाया चलोन	२	नेपाल बैंक लिमिटेड	जेष्ठ नागरीक	१४१३	३१९२०
५९	फिराति देवी	२	नेपाल बैंक लिमिटेड	जेष्ठ नागरीक	१६१०	३१९२०
६०	दिमार्की कार्की	२	नेपाल बैंक लिमिटेड	विधुवा	१६१०	३१९२०
६१	सियावति देवी	२	नेपाल बैंक लिमिटेड	विधुवा	१८४६	३१९२०
६२	उमेश चौधरी	२	नेपाल बैंक लिमिटेड	अर्ध अपाङ्ग	१८४६	२५५३६
जम्मा						२५६७६१६.००

असुल गर्नुपर्ने	२५,६७,६१६

५७ **पेश्की बाँकीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७८ को नियम ५१ मा आर्थिक वर्षको अन्त्य सम्ममा बजेट फ्रिज हुन नदिने उद्देश्यले कसैलाई पेश्की दिन नमिल्ने व्यवस्था छ । पालिकाले

सङ्घीय सशर्तबाट आर्थिक वर्षको अन्त्यमा कर्मचारीलाई पेश्की दिएको देखियो । उक्त पेश्कीबाट लेखापरीक्षण अवधिसम्म पनि कुनै काम भएको देखिंदैन । तसर्थ वर्षान्तमा फ्रिज गर्नु पर्ने उक्त रकम फ्रिज नगरी दिएको पेश्की व्याज सहित सम्वन्धितबाट फिर्ता लिई सञ्चित कोष दाखिला गर्नुपर्ने रु.

क्र.स.	**पेश्कीको विवरण**	**पेश्की लिने ब्यक्ति, फर्म वा कम्पनीको नाम**	**चालु आ.व. म्याद नाघेको रकम**
	कर्मचारी		
१	मातृतथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती, रक्तसंचार, उत्प्रेरणासेवा, न्यानो झोला र निशुल्क गर्भपतन कार्यक्रम	कुन्ता कुमारी दहाल	५००००० .
२	मातृतथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती, रक्तसंचार, उत्प्रेरणासेवा, न्यानो झोला र निशुल्क गर्भपतन कार्यक्रम	बविता चौधरी	५००००.००
३	मातृतथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती, रक्तसंचार, उत्प्रेरणासेवा, न्यानो झोला र निशुल्क गर्भपतन कार्यक्रम	दिनेश कुमार चौधरी	१००००.००
४	पोषण संवेदनशील (खानेपानी तथा सरसफाइ, कृषि, पशुसेवा, महिला तथा बालबालिका, शिक्षा रशासकीय प्रवन्ध) क्षेत्रका कार्यक्रमहरू सञ्चानल)	हरि प्रसाद दहाल	३६,४५०.००
५	पोषणमैत्री स्थानीय शासन प्रवर्द्धन कार्यक्रम	हरि प्रसाद दहाल	१९४७८१.
	जम्मा		**७९१२३१.**
	ठेकेदार		
१	चन्द्रपुर न.पा. १० मा ५० प्रतिशत लागत साझेदारीमा ५००० मे.ट.को खाद्य गोदाम	मिसन - लियोपार्ड जे.भी.	११५९२०००.

	घर निर्माण		
	जम्मा		**११५९२०००.**
	संस्थागत		
१	विधालयकक्षा कोठा निर्माण अनुदान २ कोठे तथा ४ कोठे भवन	श्री जनहित सामुदायिकआधारभुत विधालय	६७५०००.
२	विधालयकक्षा कोठा निर्माण अनुदान २ कोठे तथा ४ कोठे भवन	श्री दलित जनजागरणआधारभुत विधालय	१३५००००.
३	विधालयकक्षा कोठा निर्माण अनुदान २ कोठे तथा ४ कोठे भवन	ॐ माध्यमिक विद्यालय	६७५०००.
	जम्मा		**२७०००००.**
	कुल जम्मा		**१५०८३२३१।००**

पेश्की	१,५०,८३,२३१

५८ **पेश्की बाँकीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्यादभित्र फस्यौंट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ। पालिकाले निम्न कर्मचारी तथा संस्थालाई गत बर्ष शसर्त अनुदानतर्फ म्याद रहेको पेश्की यस आ.व.सम्म फस्यौंट नभई यस आ.व.मा निम्नानुसारको म्याद नाघेको रु.३३०९७०० फस्यौंट गर्न बाँकी रहेकोले वर्षान्तमा फ्रिज गर्नुपर्ने उक्त रकम फ्रिज नगरी दिएको पेश्की सम्वन्धितबाट व्याज सहित असूल गरी सञ्चित कोष दाखिला गर्नुपर्ने रु.

क्र.सं.	**पेश्कीको विवरण**	**पेश्की लिने**	**गत आ. व.सम्म**

		ब्यक्ती, फर्म वा कम्पनीको नाम	म्यादननाघेको पेश्की यस बर्ष म्याद नाघेको
१	क्षयरोगका जोखिमयुक्त जनसंख्यामा (दूर्गम वस्ती~ पिछडिएको वर्ग बसोवास स्थल~ कार्यक्रम स्वास्थ्य संस्थाबाट टाढारहेका बस्ती तथा स्वास्थ्य सेवामा पहूच कम भएका~ कारागार~ गुम्बा~ स्कुल~ बृधाश्रम~औद्योगिक क्षेत्र) सकृय क्षयरोग खोज पडताल कार्यक्रम	गजेन्द्र चौधरी	३००००.
२	प्रयोगशालामा क्षयरोग संक्रमण नियन्त्रण (भेन्टिलेसन~एक्जहस्ट फ्यान~ फर्निचर~अटोक्लेभ~ मर्मत-सम्भार तथा परिवर्तन) सम्बन्धी क्रियाकलाप	गजेन्द्र चौधरी	५०००.
३	पोषण संवेदनशील (खानेपानी तथा सरसफाइ~ कृषि~ पशुसेवा~ महिला तथा बालबालिका~ शिक्षा र शासकीय प्रवन्ध) क्षेत्रका कार्यक्रमहरू सञ्चालन)	हरि प्रसाद दहाल	२७४७००.
४	विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारीत प्रोत्साहन अनुदान	सामुदायिक प्राथमिक विधालय	१००००००.
५	स्वास्थ्य सस्था नभएका वडाहरुमा भवन निर्माण तथा सन्चालन खर्च	स्वास्थ्य संस्था नभएमा वडाहरुमा भवन निर्माण तथा सञ्चालन उपभोक्ता समिति	२००००००.
कुल जम्मा			**३३०९७००.**

पेश्की	३३,०९,७००

५९ **पेश्की बाँकीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ। पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको निम्नानुसारको म्याद नाघेको पेश्की आर्थिक वर्षको

अन्त्यसम्म फस्योंट नभई रु.१५४५००० बाँकी रहेको देखिन्छ । काम नगरी कर्मचारीलाई आर्थिक वर्षको अन्त्य सम्म फस्योंट गर्न बाँकी रहेकोले उक्त पेश्की रकम नियमानुसार लाग्ने व्याज सहित असूल फस्योंट गर्नुपर्ने रु.

क्र.स.	**पेश्की लिएको मिति**	**पेश्कीको विवरण**	**पेश्की लिने ब्यक्ति, फर्म वा कम्पनीको नाम**	**चालु आ. व.**	
				म्याद नाघेको रकम	
	पदाधिकारी				
१	०८/२०/२०७९	जनप्रतिनिधि अतिथि सत्कार	सञ्जयकुमार काफ्ले	१०००००	
२	०८/२०/२०७९	जनप्रतिनिधि भैपरी आउने खर्च	सञ्जयकुमार काफ्ले	१०००००	
३	०८/२०/२०७९	जनप्रतिनिधि इन्धन खर्च	सञ्जयकुमार काफ्ले	१०००००	
		जम्मा		**३०००००**	
	कर्मचारी				
१	०५/३१/२०७९	विविधतथा भैपरी कार्यक्रम (चालु कार्यक्रम)	ज्ञानेन्द्रकुमार काफ्ले	६००००	
२	०९/२१/२०७९	जनप्रतिनिधि दैनिक भ्रमण भत्ता	यमप्रसाद सापकोटा	२०००००	
३	१०/१२/२०७९	मसलन्द तथा कार्यालय सामाग्री सन्चालन खर्च	ज्ञानेन्द्रकुमार काफ्ले	१५०००	

४	०१/१७/२०८०	स्थानीय विपद व्यवस्थापन कोष निरन्तरता	मिश्रीलाल साह	७०००००	
५	०१/२६/२०८०	भैपरी आउने खर्च	ज्ञानेन्द्रकुमार काफ्ले	२००००	
६	०३/२२/२०८०	मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च	कुमारबस्नेत	२५००००	
जम्मा				**१२४५०००**	
कुल जम्मा				**१५४५०००**	

पेश्की	१५,४५,०००

६० **म्याद ननाघेको पेश्की:** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ। पालिकाले यस वर्ष विभिन्न व्यक्ती तथा निकाय संस्थालाई म्याद ननाघेको पेश्की दिएको जनायता पनि उक्त पेश्कीको म्याद असार मसान्त सम्म मात्र रहेकोले म्याद नाधेको पेश्की बेरुजू कायम गरीएको छ । पेश्की आर्थिक वर्षको अन्तसम्म म्याद नाघेतापनि म्याद ननाधेको पेश्कीमा राखेकोले अभिलेख व्यवस्थित भएको पाईएन ।

सैद्धान्तिक बेरुजु

६१ **पेश्की बाँकी:** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ। पालिकाले निम्न कर्मचारी तथा संस्थालाई गत बर्ष म्याद रहेको पेश्की यस आ.व.सम्म फछौंट नभई यस आ.व.मा निम्नानुसारको म्याद नाघेको पेश्की रु.५२७६८९६.३१ फस्यौंट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार व्याज सहित असूल फस्यौंट गर्नुपर्ने रु.

क्र.सं.	**पेश्की लिएको मिति**	**पेश्कीको विवरण**	**पेश्की लिने ब्यक्ति, फर्म वा कम्पनीको नाम**	**गत आ.व.सम्मको**
				म्याद नाघेको

				रकम	**फछ्र्यौंटको अन्तिम म्याद**
	पदाधिकारी				
१	०४/०१/२०७९	निर्मित सार्वजनिक सम्पत्तिकोमर्मत सम्भार खर्च	काजिमान कुश्वार	५०००००	०३/३१/२०८०
		जम्मा		**५०००००**	
	कर्मचारी				
१	०४/०१/२०७९	नगर शिक्षा समिति बैठक सञ्चालन	दिपेन्द्र कुमार मंडल	१०००००	०३/३१/२०८०
२	०४/०१/२०७९	प्र.अ.बैठक कक्ष निर्माण तथाब्यवस्थापन	दिपेन्द्र कुमार मंडल	३०००००	०३/३१/२०८०
३	०४/०१/२०७९	प्र.अ. बैठक ब्यवस्थापन	दिपेन्द्र कुमार मंडल	१०००००	०३/३१/२०८०
४	०४/०१/२०७९	विविध खर्च - शिक्षा शाखा	दिपेन्द्र कुमार मंडल	१०००००	०३/३१/२०८०
५	०४/०१/२०७९	शैक्षिक क्यालेण्डर प्रकाशन	दिपेन्द्र कुमार मंडल	१०००००	०३/३१/२०८०
६	०४/०१/२०७९	भ्रमण खर्च	बिपिन प्रसाद गौतम	३००००	०३/३१/२०८०

		कर्मचारी			
७	०४/०१/२०७९	बहुक्षेत्रिय पोषण कार्यक्रम	हरि प्रसाद दहाल	९२५०००	०३/३१/२०८०
			जम्मा	**१६५५०००**	
	संस्थागत				
१	०४/०१/२०७९	करार सेवा शुल्क	अम्विका आधारभूत विधालय	१५००००	०३/३१/२०८०
२	०४/०१/२०७९	करार सेवा शुल्क	अम्विका आधारभूत विधालय	५००००	०३/३१/२०८०
३	०४/०१/२०७९	श्री कालिका मा.बि.को गूणस्तरीय शिक्षा सुधार	कालिका माध्यमिक विधालय वनवहुअरी	३०००००	०३/३१/२०८०
४	०४/०१/२०७९	पत्रपत्रिका~ छपाई तथा सूचनाप्रकाशन खर्च	नेपाल पत्रकार महासंघ	४००००	०३/३१/२०८०
५	०४/०१/२०७९	पानी तथा बिजुली	नेपाल बिद्युत प्राधिकरण	५०००००	०३/३१/२०८०
६	०४/०१/२०७९	चन्द्रपुर अस्पतालको नयाँ भवनको सेफ्टि टंकी निर्माण	चन्द्रनिगाहपुर अस्पताल विकाससमिति	३०००००	०३/३१/२०८०

७	०४/०१/२०७९	आ.व. २०७६/०७७ को पुजिगत खर्चको भुक्तानी दिन बाँकी रकम भुक्तानी	चुरे तराई वातावरण संरक्षण नेपालरौतहट	३०००००	०३/३१/२०८०
८	०४/०१/२०७९	फोहोरमैला ब्यवस्थापन	चुरे तराई वातावरण संरक्षण नेपालरौतहट	५०००००	०३/३१/२०८०
९	०४/०१/२०७९	भैपरी विपद ब्यवस्थापन	नेपाल विद्युत प्राधिकरण गौर	३१८९६.३१	०३/३१/२०८०
जम्मा				**२१७१८९६.३१**	
	उपभोक्ता समिति				
१	०४/०१/२०७९	सडक तथा पूल निर्माण	भरत लुङ्गेलि घर देखि अधुरो सडक उपभोक्ता समिति	४०००००	०३/३१/२०८०
२	०४/०१/२०७९	सडक तथा पूल निर्माण	मुकेश रामको घरदेखि राम औतार रामको घर जाने वाटो पि.सि.सि. उ.स.	२५००००	०३/३१/२०८०
३	०४/०१/२०७९	बिनोद महराको घर देखि प्रेमलाल महराको घर सम्म नाला निर्माण	विनोद महराको घरदेखि प्रेमलाल महराको घरसम्म नाला निर्माण उ.स.	३०००००	०३/३१/२०८०

जम्मा	९५००००	
कुल जम्मा	५२७६८९६.३१	

पेश्की	५२,७६,८९६

६२ **प्रधानमन्त्री रोजगार कार्यक्रमः** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत १० वडामा प्रति वडा १ का दरले १० योजना सञ्चालन गरी यस वर्ष १८३ जनालाई औसत ८८।६४ दिनले १६२२२ दिन रोजगारी उपलव्ध गराई रु.९३६००९४.००श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६३ **तालिम कार्यक्रमः** गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को बुँदा २८ मा उद्यमशीलता विकास तालिम लिएका सहभागीहरु मध्येबाट व्यावसायिक योजना, उद्यमीको प्रकृति अनुसार विभिन्न समूहमा आबद्ध गरी सीप विकास तालिम सञ्चालन गर्नु पर्ने व्यवस्था छ । पालिकाका सीप विकास तालिम अन्तर्गत निम्नानुसार (आलु चिप्स, कुशन गुडिया, सावुन र सर्फ, जुत्ता चप्पल बनाउने लगायतका) मा रु. १००००००।०० खर्च भएको छ । पालिकाले उद्यशीलता विकास तालिम नलिएका र जेसीएमआईएस सफ्टवेयर तथ्याङ्क अद्यावधिक नभएका व्यक्तिहरु समावेश गरी तालिम सञ्चालन गरेकोले प्रति सहभागी लागतको आधारमा रु.१००००००।०० भुक्तानी गरेको अनियमित भएको रु.

क्र.स.	विवरण	रकम
१	नगरपालिका आन्तरिक स्रोत तर्फ कृष्टलको गर गहना र कुसन गुडीया बनाउने तालिम	१००००००।००

अनियमित भएको	१०,००,०००

६४ **अनुदान सहयोगः** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न

अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार कृषि, पशु, शैक्षिक सेवा, सामान खरिद तथा विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा रु.१ करोड ७ लाख ८८ हजार अनुदान खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६५ **नगद सहभागीताः** पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६६ **रित बेगरको कर विजकः** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । रित पूर्कको कर वीजक बेगर देहायका सप्लायर्स तथा निर्माण व्यसायीबाट मु.अ.कर रु. ३३९३०।०० समेत रु. २९४९३०।०० सामान तथा निर्माण सेवा खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसासयिले रितपूर्वकको कर बिजक वेगर भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु.

गोभौनं./मिति	**भुक्तानी पाउनेको नाम**	**प्यान नं.**	**कर विजकको अवस्था**	**भुक्तानी रकम**	**मुअकर कर रकम**
६५१।२०८०।२।२५	घुम्ती नेपाल	३०२०७४९७६	कर विजक हाथले लेखेको	२९४९३०।००	३३९३०।00

प्रमाण पेश नगरेको	३३,९३०

६७ **जिन्सी सँरक्षणः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम

गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६८ **सरकारी सम्पतिको सँरक्षणः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिका सँग घर जग्गाको लगत , सवारी साधनको लगत ,उपकरणको लगत ,सरकारी सार्वजनिक जग्गाको लगत तथा सो को सँरक्षणको लागी गरेको प्रयासको विवरण माग गरेकोमा सो अनुसारको विवरण पेश गरेको छैन । यस्तो विवरण पेश नहुँदा मितव्ययी तरिकाले खरिद गरेको, जिन्सी दाखिला तथा सँरक्षण, अन्यत्र असम्बन्धित क्षेत्रमा खर्च प्रवाह गरेको, बिग्रेको टुटे फुटेको प्रयोग नभएको, गुणस्तरीय सामग्री संरचना भएको सरकारी सम्पती सँरक्षण गरेको तथा सरकारी सार्वजनिक जग्गा सँरक्षण गरेको सम्बन्धमा विश्वस्त हुन सकिएन ।

सैद्धान्तिक बेरुजु

६९ **वितरणमुखी तथा अनुत्पादक खर्चः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३(६) मा प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता मितव्ययिता कार्यदक्षता प्रभावकारीता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्डमा सार्वजनिक निकाय तथा सार्वजनिक पद धारण गरेको व्यक्तिले खर्चमा मितव्ययिता कायम हुने गरी खर्च गर्नुपर्ने बुँदा नं. १०२ मा स्थानीय तहले सार्वजनिक खर्चलाई थप मितव्ययी र नतिजामुखी बनाउन मितव्ययिता सम्बन्धी मापदण्ड तर्जुमा गरी लागु गर्नसक्ने व्यवस्था छ । पालिकाले मितव्ययिता सम्बन्धि मापदण्ड तर्जुमा गरी लागु गरेको छैन । कार्यालयले वितरण मुखी तथा अनुत्पादक कार्यक्रम राखी ठुलो खर्च गरेको मा सार्वजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा पालिकाले यस्तो अनुत्पादक तथा प्रतिफल बिहिन खर्चमा नियन्त्रण गर्नुपर्दछ । जसका केही उदाहरण निम्नानुसार रहेका छन् ।

गो भौ न र मिति	**भुक्तानी पाउने संस्था/ व्यक्तिको नाम**	**प्रयोजन**	**रकम**
६९४।२०८०।३।७	का स दयाराम चौधरी	वडा न १० मा जितिया पर्व खर्च	१९११९३।००
४४। २०७९।६।७	कृष्ण दहाल	दुर्गा पुजा खर्च	२००००

४४। २०७९।६।७	राम बाबु चौधरी	दुर्गा पुजा खर्च	३००००
२११।२०७९।९।३	राकेश बैठा	वडा न ९ को विभिन्न पुजा	१९९५५२
२१३।२०७९।९।२०	राकेश बैठा	श्री दुर्गा पुजा समिती लाई पुजा समाग्री वितरण	३०००००
२६३।२०७९।९।२०	छठपुजा समिती वडा न १	छठपुजा समिती पुजा समाग्री खर्च	२०००००
४९२।२०८०।१।४	नेपाल युवा समिती	नगरस्तरीय खेलकुद वडा न ८ मा फुतबल खेलकुद	३०००००
४४०।२०७९।१२।१३	रौटहट जिल्ला फुटबल सँघ	४५ जोर बुट र २० थान फुटबल बापत आलम ट्रेडर्सलाई भुक्तानी	१९९४७३
५११।८०।१।११	नेपाल सितारियो करौंते संघ	कराटे समाग्री खरिद गरी पान विल पेश गरी भुक्तानी	२५००००
११४।२०७९।६।१३	चिडिया दह स्टार क्लब	फुतबल प्रतियोगीता को लागी खेलुकुद समाग्री वितरण	१९९७२७
१२३।२०७९।६।१३	समाजसेवा युवा क्लब	मोजा जुत्ता लागायत खेलकुद समाग्री	५००००

सैद्धान्तिक बेरुजु

७० **विल भरपाई तथा प्रमाण कागजात (१३२-२०७९-६-१३)**: चन्द्रपुर न.पा.वडा नं. १ स्थित वह्मस्थान मन्दिरमा काटमारका लागि ठेक्का लगाएकोमा ठेक्काबाट उठेको ६० प्रतिशत रकम सम्बन्धित वडाको सिफारिसमा खनेपानी तथा सरसफाई बापत पर्यटकीय क्षेत्रलाई उपलब्ध गराउने गरी पौराइ व्रम्हस्थान निर्माण सुधार संघ समितिसँग सम्झौता भएकोमा प्रति चौमासिक रु.२ लाख ५० हजार उपलब्ध गराउने निर्णय भएकोमा त्यस्तो खर्चको विल भरपाई नगरपालिकामा पेश गर्नुपर्नेमा विल भरपाई बेगर रु.५०००००.०० नगर प्रमुखको

तोकादेशले भुक्तानी भएकोले विल भरपाई तथा तोकिएको कार्यमा खर्च भएको खुल्ने प्रमाण कागजात पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	५,००,०००

७१ **विल बेगर पि.एस.आईटमको भुक्तानीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल भरपाई प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ। पालिकाले निम्नानुसार ठेक्कामा पि.एस.आईटमको रु.६००००.०० भुक्तानी गरेकोमा सो को विल भरापई पेश नभएकोले सम्बन्धितबाट असूल हुनुपर्ने रु.

ठेक्का न.	**निर्माण व्यवसयी**	**पी एस आईटम**	**भुक्तानी रकम**
CM/works/NCIB/2077/78-1	बाबा गणिनाथ निर्माण सेवा	Carryout additional test for material or required instructed by engineer	२००००।००
CM/works/NCIB/2077/78-3	बाबा गणिनाथ निर्माण सेवा	Carryout additional test for material or required instructed by engineer	२००००।००
CM/works/NCIB/2077/78-8	भूमिका एण्ड सम्भव निर्माण सेवा	Carryout additional test for material or required instructed by engineer	२००००।००
	जम्मा		**६००००.००**

असुल गर्नुपर्ने	६०,०००

७२ **परामर्स तथा डीपीआर खर्च** – बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ। यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई रु.१९७६५८१।०० भुक्तानी गरेको छ। पालिकाले यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन। डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्नेमा सो समेत खुलासा गरेको छैन्। कार्यालयले निम्नानुसार ढुङ्गा, गिट्टी र बालुवाको आई.ई.ई. अध्ययन गराएतापनि गत बर्ष र यस बर्ष कुनै पनि नदिजन्य ठेक्का नलगाएकोले उक्त अध्ययन कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन। साथै पेश भएको अध्ययण प्रतिवेदन दाखिला समेत

नगरेको रु.

गो.भौ.न. र मिति	कार्य विवरण	परामर्शदाता	खर्च रकम	अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत
१८२।२०७९।८।९	चाँदी नदी राजमार्ग उत्तर वडा न ४ मा ढुङ्गा गिट्टि बालुवा आइ इ इ	नेपथ्य डिजाईनस् प्रा.लि.	४९५०५३	नखुल्ने
१८३।२०७९।८।९	चाँदी नदी राजमार्ग दक्षिण वडा न ४ मा ढुङ्गा गिट्टि बालुवा आइ इ इ	याश्री डिजाइन प्रा लि	४९५०५३	नखुल्ने
२१५।२०७९।९।०३	बाग्मती नदिमा ढुङ्गा गिट्टि बालुवा आइ इ इ	नेपागो इन्जिनियरिङ्ग सोलुसन प्रा.लि	४९३२३०	नखुल्ने
६३४।२०८०।२।१८	चाँदी नदी राजमार्ग दक्षिण वडा न २ मा ढुङ्गा गिट्टि बालुवा आइ इ इ	स्पासियल इन्जिनियरिङ्ग सोलुसन एण्ड रिसर्च कम्पनी प्रा.लि.	४९३२४५	नखुल्ने
	जम्मा		**१९७६५८१**	

अनियमित भएको	१९,७६,५८१

७३ **अमानतबाट कामः** सार्वजनिक खरिद नियमावलीको नियम ९८ मा रु.१ लाख रुपैयाँ सम्मको काम अमानतबाट गाराउन पाउने व्यवस्था रहेको छ। साथै सोही नियमावलीको नियम ८४ अनुसार रु.२० लाख भन्दा बढीको खरिद गर्दा बोलपत्रको माध्यमबाट गराउनु पर्ने व्यवस्था रहेको छ। यस पालिकाले फोहर मैला व्यवस्थापन बापत यस बर्ष नगरपालिका पूजिंगत बाट रु.५४१०१८१।०० फोहरमैला व्यवस्थापन ईन्धन बापत र फोहर उठाउने कर्मचारीको तलब बापतको रकम नगरपालिकाका कार्यालय सहयोगी ज्ञानेन्द्र कुमार काफ्ले लाई

भुक्तानी दिई निजले कामदारको डोर हाजिरी र बुझेको भरपाई कागाजत पेश गरी अमानतमा काम गरेको पाईयो। साथै फोहरमैला व्यवस्थापन शिर्षकबाट सँधिय सरकार शसर्त पूँजिगतबाट भेहिकल तथा मेशिनरी समान खरिद गरी रु.५१९१०१४।०० खर्च लेखेको छ। यसरी पालिकाले कानुन विपरीत अमानतबाट काम गराएको नियमसम्मत देखिंदैन। कानुनमा भएको व्यवस्था अनुसार फोहर मैला व्यवस्थापनको ठेक्का मार्फत् काम गराउनु पर्दछ। साथै फोहर मैला उठाए बापत नगरपालिकाले शुल्क उठाउने गरेको जानकारी प्राप्त भएकोमा रकम नगरपालिकाको खातामा दाखिला भएको विवरण र अभिलेख पेश गरेको छैन्। प्रतिस्पर्धात्मक विधि अबलम्बन गरी फोहोर व्यवस्थापन गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

७४ **उपभोक्ता समितिको कार्य निर्माण व्यवसायी तथा आपुर्तीकर्ताबाट गराएकोः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१०) अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैंले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्याक्टरबाट गराउन नमिल्ने व्यवस्था छ ।त्यस्तै उपनियम १३(क) मा उपभोक्ता समितिले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समितिसँग भएको सम्झौता रद्ध गरी त्यस्तो उपभोक्ता समितिलाई भविष्यमा त्यस्तो किसिमको कुनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्ने निर्माण व्यवसायीलाई कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नुपर्ने व्यवस्था छ । निम्नानुसार उपभोक्ता समितिले आफुले पाएको काम निर्माण व्यवसायी बाट कार्य गराई उक्त निर्माण व्यवसायीको को कर बिजक संलग्न गरेको पाईयो । साथै उपभोक्ता समितीलाई मर्मत सम्भारको जिम्मेवारी हस्तान्तरण नगरेको र वारेण्टी ग्यारेन्टी लिनुपर्ने समानमा लिएको पाईएन । यसरी उपभोक्ता समितिले पाएको काम आफुले नगरी निर्माण व्यवसायी मार्फत गराएको कार्य अनियमित देखिएको रु.

गो.भौ.न. र मिति	**उपभोक्ता समितिको नाम**	**कामको विवरण**	**काम गराएको कन्ट्र्याक्टर वा आपुर्तीकर्ता**	**न पा बाट भएको भुक्तानी रकम**
२७।२०७९।६।५	वडा नं. ३ सडक मर्मत उ स	सडक मर्मत	समाधि कन्ट्रक्सन	८९६१६०।००
१२७।२०७९।६।१३	कप्टानटोल सिचाई डिप वोरिङ्ग उ स	डिप बोरीङ्ग जडान कार्य	सैलुङ्ग कन्सट्रक्सन एण्ड डिप टिय्वेल कम्पनि प्रा.लि.बाट गराएको सक्कल विल पेश समेत नभएको फटोकपी विल पेश।	९७६६२२।००

१२९।२०७९।६।१४	साविक वडा न ४ को महिला सा भ देवी परौराई स्थान जाने बाटो	बाटो मर्मत कार्य पहिलो रनिङ्ग विल	एस आर कन्ट्रक्सन	८४४३३१।००
	जम्मा			**२७१७११३**

अनियमित भएको	२७,१७,११३

७५ **असम्बन्धित खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ तथा ४१ बमोजिम सरकारी रकम खर्च गर्दा कार्यालयसँग सम्बन्धित शिर्षक सुनिश्चित गरी मात्र खर्च गर्ने व्यवस्था रहेको छ। कार्यालयमा पेश भएको निम्नानुसार ईन्धनको कुपन अनुसार कार्यालयसँग असम्बन्धित व्यक्तिको भुक्तानी नाममा भएकोले औषत १७५ का दरले हुने रु.८६२५७५.०० खर्च नियमसम्मत देखिएकोले खर्च गर्ने पदाधिकारीलाई जिम्मेवार बनाईनु पर्दछ। साथै यस्ता प्रकृतिका अन्य खर्च पालिकाले नियन्त्रण गर्नुपर्ने रु.

गो.भौ.न. र मिति	**ईन्धन प्रयोग (कुपन अनुसार)**	**परिमाण (लिटर)**	**औषत दर**	**रकम**
२४२। २०७९।९।१३	ईलाका प्रहरी कार्यालय	५०	१७५	८७५०
	डोजरप्रयोग भएको लगबुक अनुसार ५४८५ लिटर प्रयोग भएकोमा विल ५७९५ लितर	३११	१७५	५४४२५
	कार्यपालिकासदस्य	७५	१७५	१३१२५
	अतिथी	३५००	१७५	६१२५००
	मत गणना नक्सा ल्याउनलैजान	३००	१७५	५२५००
३५९।२०७९।११।१०	अतिथी तथा तोक आदेशकुपन न ५४७ ४४० लागतय १०	३३९	१७५	५९३२५

	कुपन			
४०७।२०७९।१२।५	अतिथी तथा माननिय सँसदकुपन न ५४० र तोक आदेश कुपन न ५४७ लागतय१० कुपन	१८४	१७५	३२२००
	सशस्त्र बेश क्याम्प कुपन न५६०	३०	१७५	५२५०
	का पा सदस्य ५५७	४०	१७५	७०००
	अन्य कार्यालयको खर्च	१००	१७५	१७५००
	जम्मा			**८६२५७५**

अनियमित भएको	८,६२,५७५

७६ **कार्य सम्पन्न प्रतिवेदनः** सार्वजनिक खरिद नियमावलीको नियम १२५ अनुसार खरिद सम्झौता अनुसार निर्माण कार्य भएको ३० दिनभित्र नियमको व्यवस्था कार्यान्वयन गरी कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था रहेको छ । यस पालिकाले निम्नानुसार निर्माण कार्यको कार्य सम्पन्न प्रतिवेदन पेश नभएकोले कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु.

गो.भौ. न. र मिति	**विवरण र भुक्तानी पाउनेको नाम**	**रकम**	**कैफियत**
६४।२०७९।६।१९	वडा सिफारिस अुनसार भोलनटार पुच्छारमा कल्भर्ट निर्माण उ.स.३ लाइ	३४३४२०।००	कार्यसम्पन प्रतिवेदन पेश नभएको

	भुक्तानि		
३२५।२०७९।१०।१९	वडा नं ८ वर्थिङ्ग सेन्टर निर्माण तथा सन्चालन उ.स.	६६७७८२।००	ठेक्का विल पेश नभएको ।
४२९।२०७९।१२।०९	स्वास्थ्य चौकीको पुर्व तर्फ अधुरोवाल तार जालि माटो पुर्ने कार्य उस	३५०८५५।००	कार्यसम्पन प्रतिवेदन पेश नभएको
६२४।२०८०।२।१७	रीनगर देखि खौराहा गाउँ सम्म जाने वाटो स्तरोउन्ति तथा कालोपत्रे उ.स.	३८६०१७९।००	हाल सम्मको भुक्तानी यस विलको रकम रु २३५०१५०।०० कार्य सम्पन्न तयार नगरेको ।
	जम्मा	**५२२२२३६.००**	

प्रमाण पेश नगरेको	५२,२२,२३६

७७ **जडान प्रमाणः** सार्वजनिक खरिद नियमावली सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ बमोजिम समान जडानको नापी किताब पेश हुनुपर्दछ । पालिकाले निम्नानुसार सामान खरिद गरी भुक्तानी गरेकोमा उक्त सामान के मा प्रयोग भएको जडान विवरण र प्रविधिक मुल्याङ्कन प्रतिवेदन पेश हुनुपर्ने रु

गौ भौ न र मिति	**खरीद भएको सामानको विवरण**	**भुक्तानी पाउने पार्टीको नाम**	**रकम**
१६७।२०७९।०७।०२	पर्दा कार्पेट २०० मिटर	एस.एण्ड.एस सप्लायर्स	५७६८०७

प्रमाण पेश नगरेको	५,७६,८०७

७८ **नाफामुलक सँस्थालाई अनुदानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ

तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । उल्लेखित व्यवस्था अनुसार नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिंदैन । यो वर्ष देहायअनुसारका नाफामूलक संस्थालाई भवन निर्माण, कार्यालय व्यवस्थापन लगायतमा अनुदान दिएको नियमसम्मत नदेखिएको रु.

गो भौ न र मिति	**अनुदान प्राप्त गर्ने संस्था**	**अनुदान व्यहोरा**	**अनुदान रु.**
६२।२०७९।६।९	नुनथर एफ एम	एफ एम भवन निर्माण	३६८४५२।००
७३।२०७९।६।१०	पारिश्रमिक उद्यमी महिला सहकारी सँस्था	पारिश्रमिक उद्यमी महिला सहकारी सँस्था को अधुरो भवन निर्माण	५०००००।००
३७३।२०७९।१२।२	उधाेग बाणिज्य संघ भवन निर्माण	भवन निर्माण	१४९८७२८।००
२६४।२०७९।९।२०	उद्योग बाणिज्य सँध चन्द्रपुर	गोल्डेन ओक कमेडी यात्रा कार्यक्रम सहयोगार्थ अशोका होटलको विल	३४६४७२।००
	जम्मा		**२७१३६५२.००**

अनियमित भएको	२७,१३,६५२

७९ **टुक्रा पारी खरिदः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा सार्वजनिक निकायले खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ भने नियमावली, २०६४ को नियम ३१ (१) मा २० लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य खुला बोलपत्रको माध्यमद्धारा खरिद गर्नुपर्ने व्यवस्था छ। कार्यालयको यस बर्ष पूँजिगत शिर्षकबाट निम्नानुसार खेलकुद सामाग्री तथा ट्र्याकसुट कोटेशन लिई खरिद गरी वितरण गरेको छ। पालिकाले एकै प्रकृतिको समानहरु निम्न बमोजिम खर्च गरेकोमा सो को उपयुक्त प्याकेज बनाई बोलपत्रका माध्यमबाट प्रतिस्पर्धाको लाभ उठाउने गरी खरिद गर्नुपर्नेमा कार्यालयले पटक पटक गरी विभिन्न आपूर्तकहरुबाट रु.१०९२१४४९.०० को सोझै खरिद गरेको कार्य नियमसंगत देखिएन। साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) मा प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्य

कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्डमा सार्वजनिक निकाय तथा सार्वजनिक पद धारण गरेको व्यक्तिले खर्चमा मितव्ययिता कायम हुने गरी खर्च गर्नुपर्ने बुँदा नं. १०२ मा स्थानीय तहले सार्वजनिक खर्चलाई थप मितव्ययी र नतिजामुखी बनाउन मितव्ययिता सम्बन्धी मापदण्ड तर्जुमा गरी लागू गर्न सक्ने व्यवस्था छ। पालिकाले पूँजिगत खर्च शिर्षकमा नगर प्रमुख र उप प्रमुखको नाममा अवण्डा बजेट राखी तोकदेशको आधारमा निम्नानुसारको चालु प्रकृतिको वितरणमुखी खर्च नियमसम्मत देखिएन। साथै वितरण गरेको समान विद्यालयमा पठाइएकोमा विद्यार्थी सङ्ख्या ई.एम.आई.एस.मा भिडान समेत नगरी विद्यालयको नाममा बुझाएको भरपाईले विद्यार्थी सङ्ख्याको आधारमा गएको एकिन हुन नसकिनुका साथै विद्यालय तथा क्लवहरुलाई ड्रेस, जुत्ता, मोजा तथा ट्र्याकसुट जस्ता समान वितरण गरेकोमा सम्बन्धित विद्यार्थी र खेलाडीले बुझेको भरपाई समेत पेश नभएको रु.

गो.भौ.नं. र मिति	**खरिद गरेको पार्टिको नाम**	**विवरण**	**रकम**	**कार्यक्रम**	**कैफियत**
१६।२०७९।६।३	जि जि होजियारी	ट्र्याक ३६८ थान सुट	४९९००८	वडा नं. २ अन्तर्गतको	५ विद्यालयलाई विद्यार्थीलाई वितरण गरेको भरपाई पेश नभएको ।
३०७।२०७९।१०।१२	जि.जि.होजियारी	५३० थान ट्र्याकसुट	८९८३५०	उप प्रमुखको कार्यक्रम	विद्यालय लाई बुझाएको भरपाई
३०८।२७९।१०।१२	आर जे स्पोर्टस बुतिक प्रा लि	५८९ थान ट्र्याकसुट	९९८३५५	नगर प्रमुखको कार्यक्रम	विद्यालय लाई बुझाएको भरपाई
३३२।२०७९।१०।२०	यूनिफर्म एण्ड मल्टि म्यानेजमेन्ट प्रा.लि	१५० पिस ट्र्याक सुट१३० थान टिसर्ट	३४६०६३	नगर प्रमुखको कार्यक्रम	विद्यालय लाई बुझाएको भरपाई

३५०।२०७९।११।०२	आशिष बैग तथा पोशाक उद्योग	४१० पिस ट्र्याकसुट र ४१० थान टिसर्ट	९८४५१३	नगर प्रमुखको कार्यक्रम	विद्यालय लाई बुझाएको भरपाई
३५१।२०७९।११।०२	श्री बैष्णव सप्लायर्स	१३० थान जर्सी कट्टु,मोजा,जुत्ता र ८० थान बल र २० थान नेट	८३७३३०	नगर प्रमुखको कार्यक्रम	दुई युवा क्लब लाई बुझाएको भरपाई
४४५।१२।१३	गुरु युनिफर्म ईन्डष्ट्रिज एण्ड मल्टी म्यानेजमेन्ट प्रा.लि.	४४३ थान ट्र्याकसुट	७५०८८५	उप प्रमुखको कार्यक्रम	विद्यालय लाई बुझाएको भरपाई
७४५।२०८०।३।१९	श्री बैष्णव सप्लायर्स	भजन मणडली समाज समान भुक्तानी	३९९४५५	वडा नं. ६ को सिफारिसमा	भजन मण्डली समाज राम जानकी मन्दिर क्षेत्र लाई बुझाएको
४७८।२०७९।१२।२३	श्री बैष्णव सप्लायर्स	८० पिस फूतबल,८० पिस जुत्ता र मोजा ,८० पिस जर्सी, गोलकिपर पन्जा १० र ८० थान प्याड	४९६५२२	नगर प्रमुखको कार्यक्रम	४ युवा क्लब लाई भुक्तानी खरिद भन्दा बढि भरापई रहेको

५०२।२०८०।१।०६	राउट ट्रेडर्स	४४७ पिस ट्रयकसुट	७५७६६५	नगर उप प्रमुखको कार्यक्रम	४ विद्यालयलाई बुझाएको भरपाई
५९८ ।२०८०।२।१०	चिडियादह स्तार क्लब	खेलकुद समाग्री	१४४०९५	नगर प्रमुखको कार्यक्रम	चिडियादह स्तार क्लब
७३५।२०८०।३।१८	सुर्योदय तेक्वाण्डो डोजाङ्ग	खेलकुद समाग्री	२२९६१६	नगर प्रमुखको कार्यक्रम	सुर्योदय तेक्वाण्डो डोजाङ्ग
७४१।२०८०।३।१९	श्री बैष्णव सप्लायर्स	खेलकुद समाग्री	९६१३०	नगर प्रमुखको कार्यक्रम	राष्ट्रिय टाईकाण्डो सँघ नेपाल बाग्मती ताईकाण्डो डोजाङ्ग
५६६।२०८०।१।२८	सिर्जनसिल ईन्टरप्राईजेज	६० पिस जर्सि ६० जोर जुत्ता र मोजा प्याड फुटबल १६ पिस लगायत	२९८४९०	वडा न २ को कार्यक्रम	वडा न २ मा गएको वितरण भरापई समेत पेश नभएको
६३८।२०८०।२।१८	सिमरन ईन्टरप्राईजेज	२४ जोर जर्सि,जुत्ता र मोजा	९९६६६	वडा न २ को कार्यक्रम	वडा न २ मा गएको वितरण भरापई समेत पेश नभएको

१५६।२०७९।७।१	जि जि होजियारीलाई भुक्तानी	जर्सि,जुत्ता र मोजा लगायतका खेलकुद समाग्री	९८३१०	वडा न २ को कार्यक्रम	वडा न २ मा
१९१।२०७९।०८।१६	नेपाल सितोरीयो कराटे सँघ	२० थान जुनिरय ड्रेस र १० थान सिनियर ड्रेस लागायत बक्सीङ्ग समाग्री विल खरिद बापत	२०००००	नगर प्रमुखको कार्यक्रम	सितोरियो कराटे
२७३।२०७९।१०।१२	जि जि होजियारीलाई भुक्तानी	खेलकुद समाग्री ट्रयाक सुट वितरण	४९७२००	नगर उप प्रमुखको कार्यक्रम	२ क्लब लाई वितरण
३०७।२०७९।१०।१२	जि जि होजियारीलाई भुक्तानी	५३० थान ट्रयाकसुट	८९८३५०	नगर उप प्रमुखको कार्यक्रम	विद्यालय लाई बुझाएको भरपाई
३०८।२०७९।१०।१२	आर.जे.स्पोर्टस बुटिक प्रा.लि.	५८९ थान ट्रयाकसुट	९९८३५५	नगर उप प्रमुखको कार्यक्रम	विद्यालय लाई बुझाएको भरपाई
५२२।२०८०।१।२५	श्री बैष्णव सप्लायर्स	खेलकुद समाग्री	२९९१११	वडा न ६ को सिफारीसमा	
३४०।२०७९।१०।२३	वडा नं. ५ वडा अध्यक्ष सागर	३३ थान जर्सी र साईकल	९३९८०	वितरण भरपाई पेश नभएको	

	कोईराला	एटलस लागायत क्रिकेट व्याग			
	जम्मा		१०९२१४४९.००		

अनियमित भएको	१,०९,२१,४४९

८० **खर्च पुष्टयाईको प्रमाणः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। पालिकाले देहायको रकम भुक्तानी गरेकोमा खर्चको बिल भरपाई तथा वितरण भरपाई पेश भएको देखिएन। नियमावलीमा भएको व्यवस्था अनुसार बिल भरपाई तथा प्रमाण कागजात पेश नभएकोले रु. ५२३१३१२.०० प्रमाण पेश हुनुपर्ने अन्यथा सम्बन्धितबाट असुल हुनुपर्ने रु.

गो.भौ.नं. र मिति	**भुक्तानी पाउने**	**प्रयोजन**	**रकम**	**कैफियत**
१०३।२०७९।६।१३	डावरी जाने बाटो उ स	सडक निर्माण	२२६७७०४।००	सक्कल विल पेश नभएको
११०।२०७९।६।१३	वडा न १ अन्तर्गतका ४ विद्यालय शिक्षक तलब	शिक्षक तलब	३९००००।००	विद्यालयको खातामा रकम निकासा माग फारम र भुक्तानी भरापई पेश नभएको ।
११८।२०७९।६।१३	पिसा निर्माण सेवालाई	वडा न १ मा कुलो निर्माण तथा स्तोरन्नती	४९४११८।००	सक्कल मू अ कर विजक पेश नभएको
६२२।२०८०।२।१७	समग्र सामुदायिक विकास केन्द्र	वडा न ५ मा डल बनाउने	१८६५५०।००	तालिम बपत रु ६४८०००।०० को प्रस्तावना पेश गरी सोही अनुसार भुक्तानि भएकोमा

				विल भरापई रु ४६१४५०।०० को पेश भएकोले बढी भुक्तानी
४६०।२०७९।१२।१४	बसन्त आधारभुत विद्यालयलाई भुक्तानी	विद्यालयको मागमा नागिना कु. चौधरी र रन्जना घिमिरे दहालको मासिक २०००।०० का दरले मँसिर देखी फाल्गुन रु १६००००।०० भुक्तानी रु २६२५००।०० गरेकोले बढी भुक्तानी रु १०२५००।०० असूल गर्नुपर्ने	२६२५००।००	माग भन्दा बढी भुक्तानी तथा बुझेको भरापाई पेश नभएको
४६७।२०७९।१२।१९	५ विद्यालय लाई शिक्षक तलब बापत भुक्तानी	शिक्षक तलब	६०००००।००	सम्बन्धित शिक्षक तलब बुझेको भरपाई तथा खातामा गएको प्रमाण पेश नभएको
३३३।२०७९।१०।२०	श्री बैष्णब सप्लायर्स	विभिन्न जर्सी जुत्ता मोजा टेनिस बल	९९४४०।००	वितरण भरापई र प्रयोजन पेश नभएको
८८।२०७९।६।१३	वडा कार्यालयका कर्मचारी तथा शिक्षक तलब भत्ता		९३१०००।००	सम्बन्धित शिक्षकले प्राप्त गरेको प्रमाण पेश नभएको ।

	जम्मा		**५२३१३१२.००**	

प्रमाण पेश नगरेको	५२,३१,३१२

८१ **छुट नलिएकोः** राष्ट्रियस्तरको पत्रपत्रिकामा सूचना तथा विज्ञापन प्रकाशित गरे वापत २५ प्रतिशत सम्म छुट पाउने व्यवस्था छ। नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले राष्ट्रिय स्तरको पत्रपत्रिकामा सुचना नछपाई देहाय अनुसार विज्ञापन तथा सूचना प्रकाशन गर्दा २५ प्रतिशतभन्दा कम छुट लिएकोले रु. ५४,९८२।०० व्ययभार परेको छ। अन्य सम्न्धमा समेत एकिन गर्नुपर्ने रु.

गो. भौ. नं. मिति	**मिडियाको नाम**	**कारोबार रकम**	**पाउनु पर्ने छुट रकम**	**दिएको छुट रकम**	**कम**
१९४।०७९।०९।०१	हेराल्ड मिडिया प्रा.लि.	६१,६००	१५,४००	९६,००	५,८००
२८३।०७९।१०।१६	हेराल्ड मिडिया प्रा.लि.	७२,८००	१८,२००	१०,९२०	७,२८०
३५१।०७९।१२।०५	हेराल्ड मिडिया प्रा.लि.	१,००,८००	२५,२००	११,१३८	१४,०६२
४८५।०८०।०२।०९	हेराल्ड मिडिया प्रा.लि.	६७,२००	१६,८००	१०,८००	६,०००
४८५।०८०।०२।०९	हेराल्ड मिडिया प्रा.लि.	१,१७,६००	२९,४००	१७,६४०	११,७६०
५५८।०८०।०३।०६	हेराल्ड मिडिया प्रा.लि.	५०,४००	१२,६००	७,५६०	५,०४०
५९३।०८०।०३।१९	हेराल्ड मिडिया प्रा.लि.	५०,४००	१२,६००	७,५६०	५,०४०

	जम्मा				**५४,९८२**

अनियमित भएको	५४,९८२

८२ **दोहोरो प्रशुति स्याहार भत्ता (२७९-२०७९-१०-३)**: करार कर्मचारीलाई प्रसुती स्यहार भत्ता दिने कानुनी आधार नभएको तथा करार सम्झौतामा समेत सो खुलासा बेगर असई (करार) कर्मचारी राहुलकुमार शाहलाई भौ.नं.२७९ बाट रु ५०००।०० र पुनः ३४४ ०७९।१२।०३ गते प्रशुति स्याहार भत्ता रु. ५,०००।०० भुक्तानी भएको पाइयो। यसरी करारको कर्मचारीलाई दिन नमिल्ने सुविधा दोहोरो भुक्तानी भएकोले रकम सम्बन्धितबाट असूल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	१०,०००

८३ **विल भरपाई बेगर खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल भरपाई प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ । निम्नानुसारको कार्यमा खर्च गरेकोमा सक्कल बिल भरापई पेश नभएकोले असूल हुनुपर्ने रु.

गो.भौ. नं. र मिति	**भुक्तानी पाउने**	**विवरण**	**रकम**
७३।२०७९।०६।१३	अप्टिकल इन्टरप्राइजेज	चन्द्रपुर अस्पतालमा विद्युतीय हाजिरी जडान खर्च	४,३७,७९७
७४।२०७९।०६।१३	डाइनामिक टेक्नोसफ्ट	चन्द्रपुर अस्पतालमा विद्युतीय हाजिरी जडान खर्च	२,४८,६००
		जम्मा	**६८६३९७.००**

असुल गर्नुपर्ने	६,८६,३९७

८४ **प्रमाण पुष्ट्याई बेगर भुक्तानीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल भरपाई प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार होटलको भुक्तानी गरेकोका कार्यक्रम स्वकृती तथा प्रयोजन नखुलेकोले उक्त खर्चको प्रयोजन खुल्ने प्रमाण कागाजत पेश हुनुपर्ने अन्यथा असूल हुनुपर्ने रु.

गो.भौ. नं. र मिति	**भुक्तानी पाउने**	**रकम**	**कैफियत**

१३५।०७९।०७।०२	होटल एनप्लाजा	१,९९,०२३	खर्च को प्रयोजन तथा कार्यक्रम बेगर खर्च
२३६।०७९।०९।१४	होटल एनप्लाजा	१,०४,९०९	खर्च को प्रयोजन तथा कार्यक्रम बेगर खर्च
२७४।०७९।१०।१२	होटल एनप्लाजा	१,५७,०७०	खर्च को प्रयोजन तथा कार्यक्रम बेगर खर्च
	जम्मा	**४,६१,००२**	

प्रमाण पेश नगरेको	४,६१,००२

८५ **ईष्टिमेट विलको खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। नेपाल सरकार अर्थ मन्त्रालयले ईष्टिमेट विलमा खर्च लेख्न नहुने परिपत्र जारी गरेको छ। पालिकाले निम्नानुसार ईष्टिमेट विलमा कारोबार गरेको रकम अमान्य गरी असूल हुनु पर्दछ।

गो.भौ. नं. र मिति	**विवरण**	**भुक्तानी पाउने**	**भुक्तानी रकम**
४५।०७९।०६।०८	फ्लेक्सछपाई खर्च	चाँदफ्लेक्स प्रिन्ट	९,०००
७८।०७९।०६।१३	फ्लेक्सछपाई खर्च	चाँदफ्लेक्स प्रिन्ट	७,३२०
२५२।०७९।०९।२४	फ्लेक्सछपाई खर्च	चाँदफ्लेक्स प्रिन्ट	६९,०००
४४३।०८०।०१।१४	फ्लेक्सछपाई खर्च	चाँदफ्लेक्स प्रिन्ट	७,०००
जम्मा			**९२,३२०**

असुल गर्नुपर्ने	९२,३२०

८६ **अमानतबाट कार्यः** पालिकाले वडा नं. ३, ५ र ८ तथा चाँदी खोलाको ढुङ्गा, गिट्टी तथा वालुवाको रसिद काट्ने

प्रयोजनमा देहायका व्यक्तिहरुलाई अमानतबाट काम गराई रु.३५१,४३६.०० भुक्तानी दिएकोमा निजहरुले रसिद काटेको विवरण तथा पालिकाले रसिदको आम्दानी के कति कटी भएको एकिन नगरी गरेको खर्च मितव्ययी नदेखिएकोले सो सम्बन्धमा पालिकाले एकिन गरी वास्तविक तथा उत्पादनमुखी खर्च हो होइन एकिन गरी असूल हुनुपर्ने रु.

सि.नं.	गो. भौ. नं. मिति	भुक्तानी पाउने	रकम
१.	३६५।०७९।१२।१०	भिम बहादुर भोलाल	३८,८३७
२.	३६५।०७९।१२।११	भुवन कुमार यादव	४४,५५०
३.	३६५।०७९।१२।१२	गन बहादुर थिङ्ग	२५,९८७
४.	३६५।०७९।१२।१३	मंगललल	६३,११२
५.	३६५।०७९।१२।१३	रामहरी घिमिरे	४४,११२
६.	३६५।०७९।१२।१४	रोशन लामा	४८,७०८
७.	४३०।०८०।०१।०६	बम बहादुर कार्कि	४८,७०८
८.	४३०।०८०।०१।०७	चन्द्रकुमार लामा	३७,४२२
		जम्मा	**३५१,४३६।००**

असुल गर्नुपर्ने	३,५१,४३६

८७ **बैठक भत्ताः ४८८-२०७९।३।२५**, अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका, २०७७ को दफा ७.१.१(३) बमोजिम एउटै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने व्यवस्था छ। तर पालिकाले पालिकाकै कर्मचारीहरु अर्थात एउटै निकायको कर्मचारीहरुको बोलपत्र मूल्यांँकन समिति र अन्य कार्यालयको बैठकमा बैठक भत्ता वापत बर्ष भरी रु १६,४८,३२५ भुक्तानी गरेको छ । सो

सम्बन्धमा पालिकाले बैठक माईन्युट पूर्ण रुपमा लेखापरीक्षणको क्रममा पेश गरेको छैन् । पालिकाले नियमानुसार पाउने रकम एकिन गरी नपाउने रकम असूल गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

८८ **करारका कर्मचारीलाई महंगी भत्ताः** नेपाल सरकारको अर्थ मन्त्रालय मिति २०७९।१।२१ को परिपत्र अनुसार करारको कर्मचारीलाई महंगी भत्ता पाउने व्यवस्था छैन्। पालिकाले देहायको करार कर्मचारीलाई श्रावणदेखि कार्तिक सम्म महंगी भत्ता भुक्तानी गरेको छ। परिपत्र विपरीत भुक्तानी भएको रु. ४३५६००।०० महंगी भत्ता सम्बन्धित कर्मचारीबाट असुल हुनुपर्ने रु.

सि.न.	कर्मचारी विवरण	रकम	करकट्टी पछिको रकम
१	नगरपालिका का करारका कर्मचारी ५१ जना	४०८०००	४०३९२०।००
२	सुचना अधिकृत राजेश सागर	८०००	७९२०
४	पशु सहायक वेद बहादुर खड्का	८०००	७९२०
५	प्रधान मन्त्री रोजगार प्राबिधिक सहायक २ जना	१६०००	१५८४०
	जम्मा		**४३५६००।००**

असुल गर्नुपर्ने	४,३५,६००

८९ **निजि प्रयोजनको खर्चः** कार्यालयले कार्यालय प्रयोजन बाहेक अन्यलाई भुक्तानी गर्न कानूनी व्यवस्था छैन । साथै कार्यालयले कार्यालयसँग देहायको व्यक्तिलाई निजी प्रयोजनको लागि विभिन्न खर्च रु.१४,२६४। भुक्तानी गरेको छ । भुक्तानी भएको रकम सम्बन्धितबाट असूल हुनुपर्ने रु.

गो भौ नं मिति	भुक्तानी पाउने	विवरण	रकम
२८५।०७९।१०।१९	ना. ६३ प.४३६३ सवारी धनी	नगरपालिका कोषबाट विमा तथा नविकरण शुल्क	१४,२६४

	असुल गर्नुपर्ने	१४,२६४

९० **करार तथा ज्याला दारी खर्चः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) मा प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनुपर्ने व्यवस्था छ। सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्डमा सार्वजनिक निकाय तथा सार्वजनिक पद धारण गरेको व्यक्तिले खर्चमा मितव्ययिता कायम हुने गरी खर्च गर्नुपर्ने बुँदा नं. १०२ मा स्थानीय तहले सार्वजनिक खर्चलाई थप मितव्ययी र नतिजामुखी बनाउन मितव्ययिता सम्बन्धी मापदण्ड तर्जुमा गरी लागु गर्नसक्ने व्यवस्था छ। पालिकाले मितव्ययिता सम्बन्धि मापदण्ड तर्जुमा गरी लागु गरेको छैन्। त्यसैगरी आर्थिक कार्यविधि तथा उत्तरदायित्व नियमावलीको नियम ४१ अनुसार कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्नु भन्दा पहिला आवश्यकता पहिचान गरी खर्च गर्नुपनर्ने स्थानमा मात्र खर्च लेख्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले यस बर्ष कर्मचारी आवश्यकता तथा कामको विवरण बेगर करार कर्मचारी र कामको विवरण नखुलाई नगरपालिका तथा वडाबाट ज्यालादारीमा बर्षभरीको रकम गरी भुक्तानी दिएको छ। पालिकाले करारमा ६१ जनाको तलब रु.२०५९७७५९।०० तथा ज्यालदारीमा यसबर्ष रु.४०५३६१९.०० गरी जम्मा रु.२४६५१३७८.०० भुक्तानी खर्च लेखेको छ। सार्वजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुनेगरी खर्च गर्नुपर्नेमा पालिकाले आवश्यकताको पहिचान नै नगरी करार तथा ज्यालादारी कर्मचारी राखी बर्ष भरी भुक्तानी गरेकको प्रतिफलबिहिन खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

	सैद्धान्तिक बेरुजु

९१ **गो.भौ.नं.३६० २०७९।११।१०, नगरस्तरीय खेलकुदः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) मा प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनुपर्ने व्यवस्था छ। सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्डमा सार्वजनिक निकाय तथा सार्वजनिक पद धारण गरेको व्यक्तिले खर्चमा मितव्ययिता कायम हुने गरी खर्च गर्नुपर्ने। त्यसैगरी आर्थिक कार्यविधि तथा उत्तरदायित्व नियमावलीको नियम ४१ अनुसार कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा बास्तविक आवश्यकता तथा उपलब्धी समेत ध्यानमा दिई खर्च लेख्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले थाहा नगरपालिका मकवानपुरमा नगरस्तरीय व्याडमिण्टन खेलका लागि १२ जना कर्मचारीलाई सहभागी हुन पठाएकोमा ट्र्याक सुट रु.१९९२० र पाईनस होटल प्रा.लि.को ३ दिनको प्रतिव्यक्ति रु.५०००.०० का दरले होटल बास र खानाको विल राखी रु.२०३४००.०० र अन्य प्रतिवेदन लेखन बापत बासु खड्कालाई रु.६०००.०० र ब्याड्मिण्टन र्यकिट तथा कक खरिद लागायतको विल राखी रु.३०५०४०.०० खर्च लेखेको छ। पालिकाले सहभागी हुन गएका कर्मचारीको छनौट तथा भ्रमण आदेश बेगर यसरी खर्च लेखेको अस्वभाविक रुपमा होटलको खर्च गरेको मितव्ययी देखिँदैन। तसर्थ, छनौट गरी सहभागी हुन पठाएका कर्मचारीको भ्रमण खर्च नियमावली अनुसार पाउने भ्रमण खर्चसम्म दिन मिल्ने हुदाँ सो अनुसारको खर्च रकम कार्यालयले एकिन गरी सो रकम कट्टा गरी बाँकी रकम सम्बन्धितबाट असूल हुनुपर्ने रु.

	असुल गर्नुपर्ने	३,०५,०४०

९२ **जिन्सी दाखिला बेगर खर्च (२२७-२०७९-९-१३):** जिन्सी दाखिला आर्थिक कार्यविधि तथा वित्तिय उतरदायित्व

नियमावली, २०७७ को नियम ९५ मा सरकारी सम्पती खरिद वा कुनै प्रकारले हस्तान्तरण हुन आएमा जिन्सी दाखिला गरेर मात्र खर्च लेख्ने व्यवस्था रहेको छ। नगरपालिका भवन चोक तथा छठघाट डेकोरेशनको लागि झिलिमिली बत्ति १५ आईटम खरिद गरी वस्नेत विजुलि पसललाई रु.२३१९९३.०० भुक्तानी गरेको छ। उक्त सामान जिन्सी दाखिला नभएकोले दाखिला बेगर खर्च गरेको दाखिला प्रमाण पेश गर्नुपर्ने अन्यथा असूल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	२,३१,९९३

९३ **लगबुक भन्दा बढी भुक्तानी (५६३-२०८०-१-७):** कार्यपालिकाको निर्णय अनुसार स्थानीय विपद् व्यवस्थापन कोषबाट सँजय आयल स्टोरलाई प्रतिलिटर १६६.२५ का दरले ईन्धन खरिद गरी २२७६।७९ लिटरको भुक्तानी रु.३७८३५०.०० दिएको छ। वडा नं. ६ को नाला सफाई कार्यक्रमको लागि सँलग्न निर्णय अनुसार जे.सी.वि.नगरपालिकाको प्रयोग गर्ने र विल भरपाई र लगबुक अनुसार भुक्तानि दिने भनेकोमा सो को प्राविधिक मुल्याङ्कन पेश नभएको छैन भने भौचर साथ पेश भएको बा २ क ५६२८ को जे सी वी मा ७८० लिटर र ना १क ९५७९ को जे सी वी मा ७५२ लिटर खपत गरेको विवरण लगबुक पेश भएको प्रमाण पेश भएकोमा जम्मा डिजल प्रयोग १४३२ लिटर रहेको देखिन्छ । वडा न ६ को च न ६४५ को पत्रबात वडा सँचालन बजेट बाट भुक्तानी भएको २८५ लिटर र च न ६४६ बाट ३१५ लिटर भुक्तानी भैसकेको घटाउदा न पा बाट ९३२ लिटर ईन्धनको खर्च औषत प्रतिलिटर १६६।२५ का दरले रु १५४९४५।०० हुनुपर्नेमा रु ३७८३५०।०० भएकोले बढी भुक्तानी भएको रु २२३४०५।०० सम्बन्धमा एकिन गरी सम्बन्धित बाट असूल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	२,२३,४०५

९४ **असम्बन्धित खर्च (५८२-२०८०-२-४):** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७ को उपदफा ४ बमोजिम सार्वजनिक निकाय प्रमुखको स्वीकृती वेगर कुनै पनि खरिद कार्य गर्न नहुने व्यवस्था रहेको छ। यस पालिकाले सुप्रिम सन्चार प्रा.लि.लाई वडा नं. ६ को सिफारिसको आधारमा काम समेत नखुलाई भुक्तानी दिएकोमा खरिदको लागी कुनै स्विकृती दिएको नपाईएकोले यस्ता खरिदको दायित्व पालिकाले उठाउनुपर्ने कुनै आधार बेगर खर्च गरेको रु.

असुल गर्नुपर्ने	५०,०००

९५ **नर्म्स भन्दा बढी भुक्तानीः**

गो.भौ.नं. १९५ मिति २०७९।८।२० बढी भुक्तानीः अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका अनुसार तालिम जस्ता कार्यक्रममा सहभागीको मसलन्द खर्च बापत प्रति व्यक्ति रु.७५, गोष्ठी सेमिनार सम्मेलन कार्यशाला तालिम जस्ता कार्यक्रममा सहभागीको खाजा खर्च बापत (संयोजक श्रोत व्यक्ति प्रतिवेदक र सहयोगी कर्मचारीलाई समेत) प्रति व्यक्ति प्रति दिन रु.२००, एक दिन भन्दा बढीको तालिम जस्ता कार्यक्रममा प्रतिवेदन तयारी वापत रु.१५००, तालिम तथा कार्यक्रममा कक्षा लिए वापत प्रशिक्षक भत्ता प्रति कक्षा रु.१६००, तालिम तथा कार्यक्रममा संयोजकलाई प्रतिदिन रु.४०० लेख्न सकिने व्यवस्था छ। यस कार्यालयले चन्द्रकला बराललाई ४८ घन्टे आधारभुत मेलमिलाप प्रशिक्षक र स्थानीय कार्यपालिका सदस्यलाई स्थानीय तहमा न्यायिक अधिकार सम्बन्धी अभिमुखीरकण तालिम बापत रु.७८६११९.०० खर्च गरेको छ। उक्त तालिमा

निम्नानुसार नर्म्सभन्दा बढी भुक्तानी दिएको रु.१५२३४०।०० असूल हुनुपर्ने रु.

भुक्तानी पाउनेको नाम	कामको विवरण	दिन	नर्म्स अनुसार भुक्तानी हुनुपर्ने	भुक्तानी भएको रकम	बढी भुक्तानी करकटी पछीको बढी भुक्तानी रकम
मेघराज गौतम	प्रशिक्षक भत्ता	७	११२००।००	५६०००।००	३८०८०।००
राममणी गौतम	प्रशिक्षक भत्ता	३	४८००।००	३१५००।००	२६७००।००
सितराम अधिकारी	प्रशिक्षक भत्ता	७	११२००।००	५६०००।००	३८०८०।००
मेधराज न्यौपाने	प्रशिक्षक भत्ता	७	११२००।००	५६०००।००	३८०८०।००
बेस्ट सिनर्जि ट्राभल एण्ड टुर प्रा लि लाई भुक्तानी	विल बेगर खर्च				७४००।००
प्रशिक्षक यातायात खर्च भनि खर्च लेखेकोमा विल भरपाई पेश नभएको					४०००
			जम्मा		**१५२३४०।००**

असुल गर्नुपर्ने	१,५२,३४०

९६ **शिर्षक फरक पारी खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा सीमा नाघी तथा एक शिर्षकको खर्च अन्य शिर्षकमा खर्च गर्न नहुने उल्लेख छ। तर यस पालिकाले देहाय अनुसारको शिर्षकमा विनियोजन गरेभन्दा फरक शिर्षक तथा कार्यक्रममा खर्च गर्ने गरेको छ। निर्धारित बजेटको सीमा नाघी खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ। जसका केही उदाहरण निम्नानुसार रहेको छ ।

गो. भौ. नं. र मिति	खर्चको विवरण	खर्च भएको शिर्षक	रकम
२०९।२०७९।०।३	शुभ भेट फर्मा लाई पशु पन्छीको उपचार खर्च	वडा नं. ३ सडक बत्ति जडान कार्य	४९४०४५
२३३।२०७९।९।१२	ईन्धन खर्च	वडा नं. १ को विद्यालय सुधार कार्यक्रम	९५०४३

सैद्धान्तिक बेरुजु

९७ **प्रमाणित बेगर गत विगतको भुक्तानीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउनु पर्ने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं.२२१) प्रमाणित तथा यस वर्षको बजेटमा समेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था नगरी रु.७०४६५०६.०० भुक्तानी दिएको छ। तसर्थ, यस्तो भुक्तानी नियमसम्मत नदेखिएको रु.

गो भौ न र मिति	भुक्तानीको विवरण	भुक्तानी पाउनेको नाम	रकम	कैफियत
२२।२०७९।६।४	पुरानो ट्राफिक दक्षिणको पैनिमा वाल निर्माण	वाल निर्माण कार्य उ स	१७७०८२।०	आ.व.२०७७।७८ को खर्च भुक्तानी वाँकी प्रमाणित बेगर भुक्तानी ।
२९।२०७९।६।४	बह्म स्थान नेर नाला निर्माण	नाला निर्माण कार्य उ स	५९७७१९।००	आ.व.२०७६।७७ को खर्च भुक्तानी वाँकी प्रमाणित बेगर भुक्तानी ।
३९।२०७९।६६	२०७८ श्रावण देखी २०७९ असाढ सम्मको डोर हाजिरी रकम	वडा नं. ९ मा वडा सरसफाई कर्मचारी अनुठा माली दोमको	१५२३६१।००	गत बर्षको भुक्तानी दिन बाँकी बेगर भुक्तानी ।

५०।२०७९।६।८	२०७७।८।०६ मेशिनरी समानको भुक्तानी	स्काई कम्प्युटर	२८६१९५।००	गत बर्षको भुक्तानी वाकी बेगर एक आ. व.जम्प गरी भुक्तानी
५७।२०७९।६।८	बन्ठे बजार देखी बजार सम्मको ४ थान कल्भर्ट र सडक स्टोरोन्नती	कल्भट तथा सडक स्तरोन्नती	४३७००२९।००	आ.व. २०७७।१२।८ मा शुरु भई कार्य सम्पन्न २०७८।२।३० मा भएको कार्य सम्पन्न बनाएकोमा गत बर्षको भुक्तानी दिन बाँकी प्रमाणित बेगर।
५८।२०७९।६।०८	मरधर डाँडा टोलमा सामुदायिकभवन निर्माण	भवन निर्माण उ स	७८१०८९।००	आ.व.२०७७।७८ मा सम्पन योजना भुक्तानी बाँकी प्रमाणित बेगर ।
६१।२०७९।६।९	चन्द्रपुर ७ नयाँबस्तीमा उत्तर पत्तिको मन्दिर नर्माण कार्य	मन्दिर निर्माण उ स	१९११५९।००	मिति २०७८।१२।२२ मा सम्पन्न योजना
६६।२०७९।६।९	सि.सि.टि.भि.जडान	स्काई कम्प्युटर	४९०८७२।००	मिति २०७७।१२।२२ को विलको भुक्तानी। जडान प्रमाण पेश नभएको
	जम्मा		**७०४६५०६**	

	प्रमाण पेश नगरेको	७०,४६,५०६

९८ **अमानतमा काम (७०-२०७९-६-१०):** वडा नं. ६ मा पैनी सरसफाईको लागि वडा सहायक सुनन्दा कार्कीलाई गा.पा.चालुको भौ.नं. ५१ बाट रु.१ लाख पेश्की फस्यौंट गरी यस भौचरबाट रु.१ लाख गरी जम्मा रु.२ लाख खर्च गरेकोमा असार र श्रावण मिहिनामा पैनी सफाई कार्यको लागी डोर हाजिरी ७ जनाको आधारमा भुक्तानी दिएको छ। सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार रु.१ लाख भन्दा बढीको कार्य अमानतबाट गराउन नपाउने व्यवस्था रहेको छ। साथै निजले काम कहाँ गरेको स्पष्ट नाप जाँच तथा प्राविधिक विल बेगर भुक्तानी गरेकोले उक्त काम बास्तविक रुपमा भएको एकिन नहुने हुदाँ सोको प्राविधिक तथा नापी विल पेश हुनुपर्दछ अन्यथा असूल गर्नुपर्ने रु.

	असुल गर्नुपर्ने	२,००,०००

९९ **(७८-२०७९-६-११):** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्डमा सार्वजनिक निकाय तथा सार्वजनिक पद धारण गरेको व्यक्तिले खर्चमा मितव्ययिता कायम हुने गरी खर्च गर्नुपर्ने । त्यसैगरी आर्थिक कार्यविधि तथा उत्तरदायित्व नियमावलीको नियम ४१ अनुसार कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा बास्तविक आवश्यकता तथा उपलब्धी समेत ध्यान दिई खर्च लेख्नुपर्ने व्यवस्था गरेको छ । यस पालिकाले यो वर्ष वडा न ८ मा कृष्ण प्रणामी मन्दिर निर्माण कार्यको लागी मन्दिर निर्माण मन्दिरको डिटेल ड्रोईङ्ग डिजाईन तथा स्टक्चर एनालाईसिस बेगर फाउण्डेसन सम्मको कामको रु ४४६०७२०।०० को लागत अनुमान तयार गरी न पा को अशँ रु ३८८००००।०० र मन्दिर निर्माण उपभोक्ता समितिले रु ४६०७२०।०० व्यहोर्ने गरी उपभोक्ता समिती सँग सम्झौता गरी उ स लाई हाल सम्म रु ३७९९८४४।०० भुक्तानी गरी कार्य सम्पन्न प्रतिवेदन तयार गरेको छ । उक्त कार्यका लागी सँघिय सरकार र प्रदेश सरकारको समेत लगानी भएको हुँदा पुरा परियोजनाको लागत अनुमान तयार नगरेको पालिकाको प्रतिक्रिया रहेको छ । एउटै काममा अन्यत्रबाट समेत बजेट खर्च हुदा एउटै कामको दोहोरो खर्च हुन सक्ने हुँदा पुरा योजनाको लागत अनुमान तयार गरी सरोकारवाला सवै पक्षसँग लागत सहभागीता खुल्ने गरी सम्झौता गरी कामको विवरण खुलाई काम गर्नुपर्ने देखिन्छ । पालिकाले अधुरो निर्माण कार्यको लागत अनुमान तयार गरी अर्को बर्षमा निरन्तरता समेत नदिएकोले सम्पन्न नगरी अधुरो रहेको कारण सोको उपयोग हुन सकेको छैन् भने त्यस्ता योजना अलपत्र अवस्थामा समेत रहेका छन् । यस सम्बन्धमा पालिकाले जिम्मेवारीपूर्वक कार्य सम्पादन गर्नुपर्दछ ।

	सैद्धान्तिक बेरुजु

१०० **असम्बन्धित खर्च (३०-२०८०-६-५):** राईटोल हुँदै जनभक्ति मा.वि.जाने बाटो कालोपत्रे उ.स.लाई रु.११०५७३०।०० को मूल्याङ्कन गरी न.पा.बाट रु.८६२५७२।०० गरेकोमा सडक निर्माणका लागि निम्नानुसार खर्चको विल भरपाई पेश गरेको छ। स्रेस्ता परीक्षण गर्दा देखीएका थप व्यहोराहरु निम्नानुसार छन्।

खर्चको विवरण	भुक्तानी पाउनेको नाम	रकम
ईन्धन	जनता आयल स्टोर्स	२९९९९७।००
गीट्टी बालुवा	चौलागाई रोडा उद्योग	२७७९८०।००
विटुमिन	अनिता ट्रेडर्स	१३८२०३।००
डोर हाजीरी	विभिन्न	३८९५५०।००

पालिकाले गरेको दर विश्लेषण अनुसार म्यानुअल कार्य राखेको देखिन्छ । साथै उपभोक्ता समितिले ईन्धन खपत हुने कुनै पनि मेशिनरी खर्चको विल भरपाई पेश नगरेको अवस्थामा उपभोक्ता समितिले ईन्धन खर्च बापतको भुक्तानी वास्तविक मान्न सकिएन । सो सम्बन्धमा एकिन गरी ईन्धन खर्च रु २९९९९७।०० असूल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	२,९९,९९७

१०१ **पान विलमा कारोबारः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९, २ (क) अनुसार वीस हजार रुपैया भन्दा बढीको खरिद मु.अ.कर दर्ता भएका पार्टी बाट खरीद गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले उपभोक्ता समितिसँग गरेको सम्झौता अनुसार रु २० हजार भन्दा बढीको मू अ कर लाग्ने बस्तु तथा सेवा खरिद गर्दा अनिवार्य रुपमा मू अ कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ती वा फर्म बाट खरिद गर्नुपर्ने शर्त राखेको छ । पालिकाले लागत अनुमान गर्दा ढुङ्गा गिट्टी तथा बालुवाको कामको दर विश्लेषणमा मू अ कर जोडी भुक्तानी दिएको अवस्था रहेको छैन । यसरी उपभोक्ता समिती सँग भएको काममा कूनै पनि उपभोक्ता समितिले मू अ कर लाग्ने ढुङ्गा गिट्टी तथा बालुवाको मू अ कर विजक पेश नगरी व्यक्तिले दिएको भरपाई को आधारमा भुक्तानी गरेको छ । पालिकाले सम्झौताको बुदाँ कार्यान्वयन गर्न ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१०२ **७१।२०७९।६।१०, खरिद विल बेगर भुक्तानी (७१-२०७९-६-१०)ः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) मा प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता मितव्ययिता कार्यदक्षता प्रभावकारीता र औचित्य सहित कार्यको उपलब्धी समेत लाई ध्यान दिई खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । त्यसै गरी कार्यालयले खर्च गर्दा खर्चको वास्तविक विल भरपाई एकिन गरी भुक्तानी दिनु पर्ने व्यवस्था रहेको छ । यस पालिकाले वडा न ८ को ८ स्थानमा ह्याण्ड पम्प जडान गर्ने कार्य गरेकोमा ह्याण्ड पाईप स्वच्छ खानेपानी उ स मार्फत काम गराएकोमा गुणस्तर तथा लागत अनुमानमा ५० मिटर देखी ६० मिटरको गहिराईमा पाईप जडान गर्ने उल्लेख भएको छ । सो को लागी जम्मा लागत अनुमान रु

११३४८६७।०० रहेकोमा पालिकाले रु ६११७८२।०० र उ.स.ले रु ५२३०८५ व्यहोर्ने सम्झौता गरेको छ। पालिकाले तयार गरेको कार्य सम्पन्न प्रतिवेदनमा उक्त कार्य कति गहिराई सम्म जडान भएको तथा स्थान खुल्ने नापी किताब नराखी जम्मा काम भएको रु.७२६४५३।३४ देखाएकोमा अनुपातिक रुपमा रु. ३९२२८४।०० भुक्तानी दिनुपर्नेमा रु.४२१९७९।०० भुक्तानी गरी बढी भुक्तानी रु.२९६९४।०० असूल हुनु पर्दछ। साथै पेश भएको कार्य सम्पन्न प्रतिवेदनमा जि.आई.पाईप तथा फिटिङ्गको काम बापत रु.५३४६७२।०० को काम भएकोमा पेश भएको विल अनुसार अन्नपुर्ण सप्लायर्स बाट ह्याण्ड पाईप हेड र जाली डोरी रु.४३७५३।०० को मात्र खरिद विल पेश गरेको छ। सम्झौताको मुख्य अँश जि.आई.पाईपको नै खरिद विल पेश नभएको अवस्थामा कार्यसम्पन भएको विश्वस्त हुने आधार नभएकोले सो सम्बन्धमा जडान स्थान खुल्ने नापी किताब सहित जडान एकिन गरी उ.स.लाई गएको बढी भुक्तानी असूल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	४,२१,९७९

१०३ **ईन्धन खर्च -** मधेश प्रदेश अर्थ मन्त्रालयको खर्च गर्ने निर्देशिका अनुसारका साथै सँघीय अर्थ मन्त्रालयको खर्च गर्ने निर्देशिका अनुसार निम्नानुसार ईन्धन खर्च लेख्न सकिने व्यवस्था छ। पालिकाले ईन्धन खर्चमा यस वर्ष चालु तथा पूँजिगत शिर्षकबाट रु. ७७४२३९५।०० खर्च गरेको छ। पालिकाले सवारी साधनको लगबुक नराखेकोले कुन सवारी साधनमा कति रकम खर्च भएको यकीन विवरण पेश भएको पाइएन। पालिकाले पालिकाको पदाधिकारी तथा कर्मचारी बाहेक अन्य व्यक्ति, पदाधिकारी र पाहुँना तथा पत्रकारहरुको इन्धन रकम भुक्तानी गरेको छ। इन्धनमा भएको खर्चलाई स्वभाविक मान्न सकिने आधार देखिएन। यस सम्बन्धमा छानविन गरी यकीन हुनुपर्दछ। ईन्धन शिर्षकमा देहायअनुसार खर्च गरेको छः

विवरण	**संख्या**	**मापदण्ड अनुसार**	**वार्षिक खपत**	**औषत दर**	**रकम**	**कैफियत**
नगर प्रमुख गाडी	१	डिजल १२५ लि.	१५००	१६६	२४९०००	
नगर उप प्रमुख गाडी	१	१२५ लि डिजल	१५००	१६६	२४९०००	
सुमो प्र प्रशासकिय अधिकृत	१	१०० लि डिजल	१२००	१६६	१९९२००	
जे सि भि	१				०	लगबुक नराखेकोले एकिन गर्न नसकिने

एक्जाभेटर	१				०	लगबुक नराखेकोले एकिन गर्न नसकिने
डमकल	१				०	लगबुक नराखेकोले एकिन गर्न नसकिने
ट्रिप्पर ३ थान	३				०	लगबुक नराखेकोले एकिन गर्न नसकिने
ट्रेक्टर ३ थान	३				०	लगबुक नराखेकोले एकिन गर्न नसकिने
मोटरसाइकल/स्कुटर	२१	१० लि.	२५२०	१७२	४३३४४०	
हुनुपर्ने खर्च रकम जे.सी.भि.२, दमकल, ट्रिप्पर ३, ट्रेक्टर ३ थान बाहेकको खर्च					११३०६४०।००	
खर्च रकम					**७७४२३९५।००**	

यसका अतिरिक्त पालिकामा जे.सी.भि.२, डमकल, ट्रिप्पर ३, ट्रेक्टर ३ थान रहेकोमा लोडरको लागि समेत ईन्धन प्रयोग हुनेमा ती साधनमा के कति इन्धन प्रयोग भएको हो अभिलेख राखेको देखिएन ।पालिकाले इन्धन खपतको लगबुक राखेको देखिएन। कार्यालयको सवारी साधन तथा उपकरणको प्रयोग र ईन्धन खर्चको तादम्यता मिल्ने देखिंदैन। मापदण्ड अनुसार हुने र भएको इन्धन खर्चबीच ठूलो रकम फरक परेको देखिएको छ। इन्धनको कुपन नगरपालिका प्रमुखबाट जारी हुने गरेको समेत देखिएको छ। यस्तो खर्चमा नियन्त्रण गरी कानुनले प्रदान गरेको सुविधा मातहत खर्च गर्नुपर्ने तथा नगरपालिका प्रमुखबाट समेत कुपन जारी गर्ने परिपाटीमा सुधार हुनुपर्दछ। प्रत्येक सवारी साधनमा खर्च भएको इन्धनको अभिलेख राखी इन्धन खर्चमा नियन्त्रण हुनुपर्दछ साथै मापदण्डको पालना हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१०४ **गैह्र सरकारी संस्थालाई भुक्तानीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ (१) मा गैर सरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आवश्यकता किसिम, समयावधि, कामको गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधि सहितको कार्य क्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। साथै नियम ९९(२) मा उपनियम (१) बमोजिमको काम गराउनको लागि कानुन बमोजिम दर्ता भएको र

नियम १८ बमोजिमको मौजुदा सूचीमा समावेश भएका गैर सरकारी संस्थालाई कम्तिमा पन्ध्र दिनको अवधि दिई राष्ट्रियस्तर वा स्थानीयस्तरको दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरी प्रस्ताव माग गर्नुपर्ने र माग अनुसार पर्न आएका प्रस्तावहरु प्रस्तावदाताको रोहवरमा खोली मुचुल्का तयार गर्नुपर्ने र न्यूनतम रकम प्रस्ताव गर्ने प्रस्तावदाताको प्रताव स्विकृति गरी सम्झौता गर्ने उल्लेख छ। साथै सम्झौता गरेर कार्य आदेश दिनुपर्ने, खरिद गर्नुपर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायि लेखा नम्बर र मू.अ.क दर्ता प्रमाण पत्र प्राप्त गरेका संस्थाबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले यस वर्ष निम्नानुसारको मू.अ.करमा दर्ता भए पनि बिजक जारी नगरेको तथा केहीले पेश गरेको पनि गैर सरकारी संस्था मार्फत लागत अनुमान, मौजुदा सूचीमा दर्ता सूचना प्रकाशन, राष्ट्रियस्तर/स्थानीयस्तरका दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरी प्रस्ताव माग नगरी सोझै खरिद गरेको नियमसगत देखिंदैन। तालिम तथा कार्यक्रम गरेको संस्थाको प्रशिक्षकको योग्यता नखुलेको, सहभागी छनौटको आधार, लक्षित वर्ग पहिचान नगरी तालिम दिएको पाइयो ।तालिमको आवश्यकता नै पहिचान नगरी तालिम तथा कार्यक्रम सञ्चालन गरेको पाइयो ।प्रशिक्षकले प्रशिक्षण गराएको कक्षा तालिका पनि नरहेको, कुन विषयको बारेमा प्रशिक्षण गरेको प्रमाण नरहेको, संस्थाले विभिन्न सामान खरिद गरेकोमा सो को वितरण भरपाई समेत संलग्न रहेको देखिएन, अधिकाँश तालिम तथा कार्यक्रमको भएको फोटो पनि पेश नभएको पाइयो। साथै कार्यालयले सो संस्थाहरुबाट भएको कामको प्रभावकारीता मूल्याङ्कन र अनुगमन प्रतिवेदन बेगर भूक्तानी गरेको पाईयो भने सम्झौता भएको पार्टीको विल नलिई टुक्रा विलको आधारमा भुक्तानी गरेकोले कार्य सम्पादनको आधारमा सम्बन्धितको विल जारी भुक्तानी गर्नु पर्दछ। जसका उदाहरण निम्नानुसार रहेका छन् ।

गो.भौ.नं. र मिति	**भुक्तानी पाउनेको नाम**	**कामको विवरण**	**भुक्तानी रकम**	**कैफियत**
४५४।२०७९।१२।१४	नेपाल युवा समिति	चन्द्रपुर, ८ अन्तर्गत सामुदायिक विद्यालयहरुको शैक्षिक सुधार कार्यक्रम	४२५०००	टुक्रा विल १५ सेवा शुल्कमा कर कट्टा गरी भुक्तानी
४७६।२०७९।१२।२२	राष्ट्रिय उर्जा तथा वातावरणिय संगठन	वडा नं. १० मा कबर्डी प्रतियोगिता सन्चालन	१०००००	टुक्रा विल १५ सेवा शुल्कमा कर कट्टा गरी भुक्तानी
६१५।२०८०।२।१७	अनुष्का व्युटी पार्लर एण्ड ट्रेनिङ्ग सेन्टर	व्युटिसियन तथा कुसन बनाउने तालिम	३०००००	टुक्रा विल १५ सेवा शुल्कमा कर कट्टा गरी भुक्तानी

६२२।२०८०।२।१७	समग्र सामुदायिक विकास केन्द्र	वडा नं. ५ डलकुशन तालिम सन्चालन	१८६५५०	टुक्रा विल १५ सेवा शुल्कमा कर कट्टा गरी भुक्तानी
६५९।२०८०।२।२९	महिला बालबालिका तथावातावारण संरक्षण नेपाल	च्याउ उत्पादन तथा वजारिकरण तथा मैनवत्ति वनाउने तालिमा सन्चालन	२४८०००	टुक्रा विल १५ सेवा शुल्कमा कर कट्टा गरी भुक्तानी
६९९।२०८०।३।८	अपाङ्ग समन्वय सँस्था रौतहट	शारीरिक अपाङ्गता भएका व्यक्तीहरुको लागि सिप विकास तालिम	२०००००	टुक्रा विल १५ कर रु ३००००।० कट्टा गरी भुक्तानी गर्नुपर्नेमा रु१९११५।०० मात्र कर कट्टा भएको न्यून १०८४५।००
७०२।२०८०।३।११	लालिगुरास युवा क्लब	सलाई कटाई तालिम	४०००००	टुक्रा विल १५ कर रु६००००।० कट्टा गरी भुक्तानी गर्नुपर्नेमा रु३१४७९।०० मात्र कर कट्टा भएको न्यून २८५२१।००
७२७।२०८०।३।१६	युनिक इन्स्टिच्युड	वडा नं. ९ मा कम्प्युटर तालिम	४९८०००	
४४३।२०७९।१२।१३	श्री जनकल्याण विकास केन्द्र नेपाल	वडा नं. ४ महिलाहरुलाई हाते कढाइ तथा सितारा भर्ने सिपमुलक तालिम	४००००००	टुक्रा विल १५ कर रु६००००।० कट्टा गरी भुक्तानी गर्नुपर्नेमा रु२१६८१।०० मात्र कर कट्टा भएको न्यून ३८३१९।००

५३३।२०७९।११।१४	मिश्रीलाल शाहको नाममा रकम निकासा गरी खर्च	जनप्रतिनिधहरु तथा कर्मचारीहरुको क्षमता विकासका लागि तालिम कार्यक्रम	७८४१६४	अर्थ मन्त्रालयको नर्म्स भन्दा बढी दरमा व्यक्तीलाई भुक्तानी दिएको छ । सँस्थागत सम्झौता गरी काम गराउनु पर्नेमा नगरेको नियमसम्मत देखिंदैन ।
६२२।२०८०।२।१७	श्री समग्र सामुदायिक विकास केन्द्र	वडा नं. ५ माडल बनाउने तालिम	६४८०००	
६५१।२०८०।२।२५	घुम्ती नेपाल चन्द्रनिगाहपुर	वडा नं. ६ दलितहरुका लागि सिपमुलक तालिम सन्चालन	२९४९३०	
३२४।२०७९।१०।१९	नमस्ते विकास मूलक समाजिक सँस्था	महिलालाई पापड बनाउने तालिम	४९९९९९	
	जम्मा		**८५८४६४३**	

आय कर ऐन, २०५८ को दफा ८८ अनुसार सेवा शुल्क भुक्तानीमा १५ प्रतिशत कर कट्टि गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले उपरोक्त अनुसारको १० गैह्र सरकारी सँस्था मार्फत् काम गराएकोमा मू.अ.कर विजक पेश नभई विभिन्न पार्टीको विल राखी पेश्की फस्यौंट गरेकोमा १५ प्रतिशत कर कट्टि गर्नुपर्नेमा न्यून कट्टि गरेको रु ७७६८५।०० असूल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	७७,६८५

१०५ **अन्य निकायको खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा स्वीकृत बजेट तथा कार्यक्रमको सीमाभित्र रही खर्च गर्नुपर्ने व्यवस्था छ। कार्यालयले छुट्टै अस्तित्व र बजेट व्यवस्था भएका निम्नानुसार कार्यालयको रु ७४९७४२.०० खर्च लेखेको छ। यसरी अन्य निकायको खर्च गर्दा पालिकाको आफ्नो विकास निर्माण सम्बन्धी बजेट व्यवस्थापनमा चाप पर्ने र कार्यालयले प्रदान गर्ने सेवा प्रवाहमा असर पर्ने हुँदा यस्तो खर्चमा नियन्त्रण गर्नुपर्ने तथा सम्बन्धित कार्यालयबाट दोहोरो भुक्तानी नभएको पुष्टयाई र भुक्तानी दिन बाँकीको प्रमाणित कच्चाबारी

समेत पेश हुनुपर्ने रु.

गो.भौ.नं. र मिति	भुक्तानी तथा खर्च पाउने कार्यालय	रकम रु.
५५९।२०८०।१।२६	ईलाका प्रहरी कार्यालय, चन्द्रपुरमा ए.सी.जडान १।५ टनको	१०७३५०।००
१०७।२०७९।६।१२	मालपोत कार्यालय चन्द्रपुर लाई ९९ मोठ बाईण्डीङ्ग र ९९ मर्मत बापत सिद्दार्थे अफसेट प्रेसलाई भुक्तानी	४०००००।००
२३८।२०७९।९।१३	वडा नं. ७ को प्रहरी चौकी निर्माण तथा मोटरसाईकल मर्मत उपभोक्ता समिती	९३८२५।००
४१०।२०७९।१२।०५	नापी कार्यालय, चन्द्रपुरलाई सी.सी.क्यामेरा लागतयतको समान खरिद गरी आर. आर. ईन्फोसिकलाई भुक्तानी	१४८५६७।००
	जम्मा	**७४९७४२.००**

प्रमाण पेश नगरेको	७,४९,७४२

१०६ **जटिल प्रसुती (४३७-२०७९-३-२२)**: चन्द्रनिगाहपुर अस्पताल विकास समिती चन्द्रनिगाहपुरलाई मातृ तथा नवजात शिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षाको युनिट कोषमा जम्मा हुनेगरी अस्पताल विकास समितीको नाउमा रु. ११,३२,००० भुक्तानी दिएकोमा ६४६ जना प्रसुतीको प्रतिजना १ हजारको दरले रु.६,४६,००० को बिल भरपाई प्राप्त भएकोमा जटिल प्रसुती १६२ जनाको ३०० को दरले हुने रु. ४,८६,००० को फाँटवारी सहित भरपाई पेश नभएको रु.

असुल गर्नुपर्ने	४,८६,०००

१०७ **जेष्ठ नागरिकलाई सामग्री वितरण (१३१-२०७९-१०-१९)**: जेष्ठ नागरिकलाई सहायक सामग्री वितरणको लागि राष्ट्रिय संरक्षण नेपालसंग सम्झौता गरी शसर्त अनुदानबाट उक्त संस्थाको रु.१ लाख ६० हजार पेश्की फछ्र्यौट गरी बाँकी रकम ४ लाख खर्च लेखेको छ। विकास होटलमा सञ्चालन भएको उक्त कार्यक्रममा ५० जना बृद्धबृद्धालाई ब्लाङ्केट र वाकिङ्ग स्टिक १/१ थान सहितको रु.१,४८,६६३ र बाँकी स्टेसनरी तथा खाजामा रु. २,५१,३३७ खर्च भएकाले र उक्त कार्यहरुलाई थप प्रभावकारी बनाउन पालिका अन्तर्गत नै कार्यक्रम

कार्यान्वयन गर्नुपर्दछ ।

	सैद्धान्तिक बेरुजु

१०८ **गरीबसंग विश्वेश्वर कार्यक्रमः** गरीबसंग विश्वेश्वर कार्यक्रम अन्तर्गत रु. ४,६३,००० खर्च भएकोमा समाजिक परीचालक कृष्ण प्रसाद हुमागाई लाई अन्य संस्थालाई अनुदान वापत रु. २ लाख ५० हजार (कर कट्टा रु. ३८७० समेत) रु. २४८००० खर्च लेखेको पाइयो। यद्यपी तरकारी खेती तालिम तथा प्रविधी हस्तान्तरण कार्यक्रम वडा नं. ९ चन्द्रपुरमा मिति २०८०।३।१६ मा ४० थान मेसिन, उन्नत जातको विभिन्न विऊहरुको प्याकेट ४० थान वितरण गरेको छ। तर पालिकाको कृषि शाखाबाटै संचालित त्यसप्रकारको कार्यक्रमको औचित्य सम्बन्धमा पुनरावलोकन गरी कार्यान्वयन गरीनु पर्दछ।

	सैद्धान्तिक बेरुजु

१०९ **बढि भुक्तानी (४४-२०८०-२-९):** श्री जनहित आधारभुत विद्यालयको पेश्की कट्टा नगरी प्रथम विल वमोजिम अग्रिम तथा वहालकर कट्टा गरी रु.११,२५,००० भुक्तानी दिनुपर्नेमा रु.४,९०८ वढी हुने गरी रु.११,२९,९०८ भुक्तानी भएकोले वढी भुक्तनी गरेकोले वढी भएको रु. ४९०८ रकम असुल गर्नुपर्ने रु.

	असुल गर्नुपर्ने	४,९०८

११० **पाइप जडान (७३-२०८०-३-५):** चन्द्रपुर नगरपालिका वार्ड नं. २ अन्तर्गत भौ.नं.७३ मिति २०८०।३।५ बाट असन्वा जुडिवेला खानेपानी आयोजना रौतहटका लागी शसर्त अनुदानबाट २०, ३२ र २५ एम.एम.को ४,६०० मिटर रु.४,९८,५५६ मूल्य वरावरको पाइप समग्र कन्सटक्सन एण्ड सप्लायर्सबाट खरीद गरी २ नं. वडा कार्यालयमा पठाएको छ। यद्यपी उक्त पाइपहरु खानेपाने आयोजनामा प्रयोग भएको नदेखिँदा सम्बन्धित योजनामा प्रयोग गरी प्राविधीक मुल्याङ्कनको आधार फरक फरक गर्नुपर्ने रु.

	प्रमाण पेश नगरेको	४,९८,५५६

१११ **सेवा शुल्क (७५-२०८०-३-१५):** २०७७।३।१५, सम्पन्न गर्ने गरी भएको सम्झौता अनुसार हात्ती दमार र रतौली खोला झोलुङ्गे पुलमा क्रियटिभ ग्रुप अफ नेपालले सामाजिक परीचालन र प्राविधीक कार्य पुरा गरेकाले सेवा शुल्क वापतको रकम रु ४७५७४४।०० उक्त संस्थालाई भुक्तानी दिएको छ। तर उक्तसंस्थासंग २०७७।१०।२१ मा सम्झौता भएकोमा चालुवर्ष पुल सम्बन्धी कुनैपनि खर्च नभएको र गतवर्ष सम्पन्न भै भुक्तानी हुन बाँकी समेत को प्रमाण नरहेकोले खर्चको औचित्य पुष्टि नभएको रु.

	प्रमाण पेश नगरेको	४,७५,७४४

११२ **बैंक ग्यारेन्टी (३०-२०८०-३-१४):** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(४) वमोजिम पेस्की दिदा जमानतको मान्य अवधी खरीद सम्झैतामा उल्लेख भएको पेश्की फहृछ्यौट गर्नुपर्ने अवधीभन्दा

कम्तिमा एक महिनाभन्दा वढी अवधी हुनुपर्ने व्यवस्था छ। तर संघीय शसर्त अनुदान अन्तर्गत विज भण्डार निर्माणको लागि ठेक्का न.४।२०७९।८० अन्तर्गत मिति २०८०।३।३० भित्र सम्पन्न गर्ने गरी मिति २०८०।१।८ मा निर्माण व्यवसायी Mission leopard JV बानेश्वरसंग भ्याट सहित रु.६,५८,६१,९१६।८० मा सम्झौतामै सम्मन्न गर्ने गरी मिति २०८०।१।८ मा सम्झैता भै रु.१,१५,९२,००० पेश्की उपलब्ध गराएको छ। तर भौ.न.७० र मिति २०८०।३।३ मा प्रथम रनिङ्ग विल भुक्तानी गरेकोमा पेश्की कट्टा नगरेको र सनराइज बैंक लि.गैरीधारा, काठमाण्डौको म्याद १९ जुलाई २०२३ सम्म (२०८० श्रावण ३) मात्र रहेकोले लेखापरीक्षण अवधि २०८०।६।३० सम्म बैंक ग्यारेण्टीको म्याद नाघीसकेको देखिंदा नियमानुसार म्याद थप गरी समयमै ठेक्का सम्पन्न गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१,१५,९२,०००

११३ **सुरक्षित आवास (८८-२०८०-३-१८):** सुरक्षित आवास कार्यहरु कार्यान्वयन निर्देशिका २०७५ अनुसार सम्झौता वमोजिम आवास निर्माण कार्य सम्पन्न भएपश्चात दोस्रो किस्ता भुक्तानी दिनुपर्नेमा पालिका अन्तरगत वार्ड न.९ को मिति २०८०।३।५ को पत्रअनुसार आदि काम मात्र सम्पन्न भएको भनि सिफारीस गरेको अवस्थामा नै ३३ परिवारलाई अन्तिम किस्ता वापत प्रति परिवार २० हजारको दरले रु.६,६०,०००।०० भुक्तानी दिएको ले कार्य सम्पन्न गरी फरफारक गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	६,६०,०००

११४ **डि.पी.आर (१०८-२०८०-३-२३):** अहिले चण्डिखोला झोलुङ्गे पुलको डि.पी.आर.को रकम सम्झौता वमोजिम भगत ईन्जिनिरीङ्ग कन्सल्टेन्सी एण्ड विल्डर्स प्रा.लि. लाई रु.४,४२,८२७।०० भुक्तानी दिएको छ। तर कार्यादेशको सि.न. २.६ मा ड्रईङ्ग पुरा सेटसहित एकिकृत हुनुपर्ने उल्लेख भएकोमा उक्त सेट सहित नगरपालिकाबाट स्वीकृती नभएको रु.

अनियमित भएको	४,४२,८२७

११५ **कार्य सम्पन्न प्रतिवेदनः** सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १२५ वमोजिम खरीद सम्झौता वमोजिम निमार्ण कार्य सम्पन्न भएको ३० दिनभित्र सम्बन्धित अधिकारीबाट प्रमाणित गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। तर संघीय शसर्त अनुदान अन्तर्गत राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत निम्नानुसारका विद्यालयलाई अनुदान रु.५५५९३१२ दिएको रकमको (कार्य मूल्याङ्कको आधारमा) कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु. ५५,५९,३१२।००

विद्यालयको नाम	**बाँकी रकम**
जनहित आधारभुत विधालय	४,१९,६०६

आधारभुत विधालय	४,१४,७०६
दलित जन जागरण	२०,२५,०००
ॐ मा.वि.	४,५०,०००
महेन्द्र मा.वि.	२२,५०,०००
जम्मा	**५५,५९,३१२**

प्रमाण पेश नगरेको	५५,५९,३१२

११६ **डि.पि.आर (१६२-२०७९-९-२८):** न.पा.चालुतर्फ ठेक्का नं. १ अन्तरगत चन्द्रपुर नगरपालिकाको वडा नं. ५ मा रहेको चन्द्रपुर अस्पताल को (१५) वेडको डि.पि.आर निर्माण गर्न Engine group of Company P. Ltd. वानेश्वर १० संग २०७९।६।१३ मा ९० दिन भित्र सम्पन्न गर्ने गरी रु. १९,८९,१३०।०० (माटो परीक्षण सहित) मा ठेक्का सम्झौता भएको छ। उक्त सम्झौतामा ३० दिनभित्र ड्राफ्ट रिपोर्ट पेश भएपछि ६० प्रतिशत र अन्तिम रिपोर्ट प्राप्त भएपछि १०० प्रतिशत भुक्तानी दिनेगरी सम्झौता भए अनुसार रु.१० लाख भुक्तानी गरेको छ । तर लेखापरीक्षण अवधी सम्म पनि म्याद थप नभएको र माटो परीक्षण प्रतिवेदन समेत पेश भएको छैन । उक्त परामर्श सेवा बजेट उपशिर्षक न.२२४१३ करार सेवाका कर्मचारीको तलवबाट लेखिएकाले नियमसम्मत समेत नदेखिएकोले सार्वजनिक खरीद ऐन, २०६३ को दफा १२० बमोजिम म्याद थप गरी जरिवाना लिई स्वीकृत कार्यक्रमा समावेश गरेर मात्र कार्यान्वयन गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	१९,८९,१३०

११७ **नमुना विद्यालय (८५-२०८०-३-१७):** केन्द्रबाट छनौट भएका नमुना विद्यालयलाई अनुदान रकम वापत रु. ५० लाख विद्यालय निकासा भनि खर्च लेखेकोमा उक्त रकम कुन विद्यालयको नाममा खर्च लेखेको हो सोको सम्झौता, भौचर लगायत सो संग सम्बन्धीत कागजात संलग्न नभएकाले विद्यालय एकीन गरी सम्झौता सहित प्राविधिक मूल्याङ्कनको आधारमा फरफारक गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	५०,००,०००

११८ **पोषण (४७२-२०८०-३-२४):** स्वास्थ्य चौकी डुमरियामा ओ.टि.सी. सुधार निर्माण कार्यको रकम पोषण

स्वंयसेवक हरीप्रसाद दाहाल लाई रु १,५०,०००।०० भुक्तानी दिएकोमा आल्मुनियमको थप कोठा, प्लाष्टिक चियर लगायत को खरीद बिल रु १,२६,८६५।०० को एस.एण्ड एस. सप्लायर्स र मस्टररोल समेतको भरपाई समावेस गरेकोमा कार्यक्रम सहित मुल्याङ्कन पेश नभएको रु.

प्रमाण पेश नगरेको	१,२६,८६५

११९ **साईलेज (३७५-२०८०-३-१८):** पशुपंक्षी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन गर्नको लागी साईलेज प्रवर्द्धन कार्यक्रमको लागी एस.के.वि. मल्टीप्रपोज प्रा. ली. चन्द्रपुरसंग लागत सहभागीमा ५० प्रतिशत व्यहोर्ने गरी कार्यक्रम सञ्चालन गर्न अनुदान सहयोग रु.१० लाख २०८० जेष्ठ १ गते सम्झौता भएकोमा समझौताको सि.न.३ वमोजिम स्वीकृत संक्षिप्त कार्ययोजना मुताविकका सम्पुर्ण कार्यहरु प्राविधीक मापदण्डको आधारमा सम्पन्न गर्नेगरी सम्झौता भै भुक्तानी दिएकोमा कार्ययोजना पेश नभएको रु.

प्रमाण पेश नगरेको	१०,००,०००

१२० **पशु विमा (३९८-२०८०-३-१९):** दुध उत्पादनमा आत्मनिर्माण कार्यक्रमः पालिकाले १२७ वटा उन्नत गाई भैंसी खरिद गर्न प्रति कृषक उन्नत जातको दुहुनु चौपाय खरीद गर्न प्रति चौपायमा ५० हजारको दरले ५० प्रतिशत भुक्तानी दिनेगरी सम्झौता गर्दा ५० प्रतिशत भन्दा माथिको उन्नत नस्लको गाई र भैंसी (मुर्रा) हुनुपर्ने पहिलो देखि तेस्रो बेत सम्मको हुनुपर्ने, गाईको दुध दैनिक १२ लिटर भन्दा माथि र भैंसीको ८ लिटर भन्दा माथिको हुनुपर्ने, निरोगी तथा स्वस्थ हुनुपर्ने तथा रोग जातीय विशेषताको हुनुपर्ने गरी खरीद प्राविधीक मापदण्डको हुनुपर्ने गरी तोकेकोमा संलग्न कागजातका प्राविधीक मापदण्ड वमोजिमको विवरण सम्वन्धित प्राविधीकबाट प्रमाणित भएता पनि पशु चौपायको जोखिम न्यूनीकरणका लागि पशु बीमा भएको नदेखिदा विमा गराई जोखिम न्युनिकरण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१२१ **हस्तान्तरणः ११७।२०८०।३।२४,** सामुदायिक भवन निर्माण गर्न चन्द्रपुर नगरपालिका वार्ड न. ९ उपभोक्ता समितिसंग कार्यालयको तर्फबाट रु. २४,२५,००० र उक्त समितीले रु.२,९९,७३२ व्यहोर्ने गरी सम्झौता गरी २०७९।९।१ को सम्झौता अनुसार कार्यालयको तर्फबाट रु.२४,१५,१५१ भुक्तानी दिई कार्यसम्पन्न गरेको पाईयो तर उक्त भवन कुन प्रयोजनको लागी बनाईएको हो। सो को प्रयोजन नखुलेकोले सञ्चालन कार्यविधि बनाई संचालीत समितीलाई हस्तान्तरण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१२२ **सुरक्षित नागरिक आवास कार्यक्रमः** केन्द्रिय सुरक्षित नागरिक आवास समन्यन समितीको ११ औं वैठक (०७८/१०/१३) को निर्माण अनुसार चन्द्रपुर नगरपालिका अन्तर्गत क्रमागत आवास ६० वटा समेत ५०५ वटा सुरक्षित आवास निर्माण गर्ने गरी रु १,०३,९९,९०० को बजेट व्यवस्था भएको आ.व २०७९/८० मा २५६ वटा निर्माण गरी १३९ वटा बाँकी रहेका छन। खर्च भएको मा देखिएका थप व्यहोराहरु निम्नानुसार छन।

१) सुरक्षित नागरिक आवास कार्यान्वयन नागरिक आवस कार्यान्वयन कार्याविधी, २०७५ को नियम ११ (च) मा प्रत्येक स्थानीय तहले सम्भावित लाभग्राहीको संख्या (वडागत आधारमा) मिति २०७७ असोज मसान्त भित्र संघीय आयोजना कार्यान्यन इकाई मार्फत विभागमा पठाउनुपर्ने व्यवस्था छ। यद्यपी पालिकाले सो अवधी पश्चात पनि आ.व.२०७९/८० मा समेत थप लाभग्राही पहिचान गरेको देखिदा समयमै लक्षित वर्गको पहिचान गरी कार्यान्वयन गर्नुपर्दछ ।

२) विगतमा उक्त कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन भएको नपाईएको र कार्याक्रम कार्यान्वयन गर्न स्थानीय तहलाई कार्याविधीको संशोधनबाट जिम्मेवारी दिएकोमा समेत संचालित कार्यक्रमको प्रगती विवरण तयार गरी समस्या निराकरणको लागि पहल भएको नदेखिदा स्थानीय तहको समन्वयनमा कार्यक्रम अनुगमन मुल्याङ्कन गरी वाकी आवास निर्माण सम्पन्न गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१२३ **समायोजन ग्रेडः** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ३०५ मिति २०७९।२।५ को समायोजन भएका स्वास्थ्य सेवा कर्मचारीको ग्रेड सम्बन्धी पत्रमा कर्मचारी समायोजन ऐन, २०७५ को दफा ७(८) बमोजिम समान तहमा समायोजन भएका नेपाल स्वास्थ्य सेवाका कर्मचारीलाई समयोजन ग्रेड थप गरी उपलब्ध गराउने साथै त्यस्तो ग्रेड समायोजन भई गएका तहमा बहाल रहेसम्म पाउने, स्तरवृद्धि भएपश्चात जुन तहमा स्तर वृद्धि भएको हो सो तहको सुरु तलब स्केलमात्र पाउने तर त्यस्तो सुरु स्केल खाईपाई आएको रकमभन्दा कम भएमा प्रचलित कानुनबमोजिम उपलब्ध गराउने उल्लेख छ । यस पालिकाका अन्तर्गत स्वास्थ्य तर्फका २३ कर्मचारीलाई समायोजन ग्रेड भुक्तानी गर्दै आएकोमा स्तरवृद्धि भए पश्चात पनि समायोजन ग्रेड (२०७९ कार्तिक सम्म) रु २६२३०२।०० (सञ्चयकोष थप समेत) भुक्तानी भएको छ । स्तरवृद्धि पश्चात भुक्तानी भएको समायोजन ग्रेड एकिन गरी असुल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	२,६२,३०२

१२४ **प्राविधिक ग्रेडः** शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरले २०७८।०२।२९ च. नं.२०० को पत्रअनुसार २०५७ असार मसान्तसम्ममा प्राविधिक तालिम प्राप्त गरि स्थायी भएका तथा २०७३ असार मसान्तसम्म प्राविधिक ग्रेड खाइपाई आएका शिक्षकलाई मात्र विशेष व्यवस्थाअनुसार प्राविधिक ग्रेडवापत २ ग्रेड दिने व्यवस्था गर्न परिपत्र गरेकोमा पालिकाले २०७९/८० मा देहायका शिक्षकहरुलाई प्राविधिक ग्रेडवापत रु ११५१७३३।०० रकम निकासा गरेको देखिन्छ। यद्यपि शिक्षकहरुले प्रविधिक ग्रेड नियमानुसार प्राप्त गरेको प्रमाणित कागजात र अभिलेख पेश नभएको रु.

क्र. स.	**विद्यालयको नाम**	**शिक्षको नाम**	**तह**	**भुक्तानी ग्रेड रकम**
१	श्री दुर्गा मा वि	श्री चन्द्रलक्ष्मी विश्वकर्मा	प्रा शि द्धितिय	१४८७०२

	ठाडाँटोल	श्री सँगिता पनेरु	प्रा शि द्धितिय	१४८७०२
२	श्री माध्यमिक विद्यालय जुडिवेला	श्री विरबहादुर चौधरी	प्रा शि द्धितिय	१८७९९६
३	श्री बसन्तपन्चमी आ वि चीदीडह	श्री शोभा कुमारी	प्रा शि द्धितिय	१५८६६१
४	श्री कृष्ण मा वि बालचन्दपुर	श्री तारादेवी यादव	प्रा शि द्धितिय	१४९७४९
		श्री राम पुजन शाह	प्रा शि द्धितिय	१७५७०१
५	श्री मा वि डुमरीया	श्री चन्द्रकला देवी सेवा निबृत	प्रा शि द्धितिय	८९६६०
६	श्री जनज्योती मा वि चन्द्रपुर	श्री योगेन्द्र प्रसाद यादव	प्रा शि द्धितिय	९२५६०
		जम्मा		**११५१७३३।००**

प्रमाण पेश नगरेको	११,५१,७३१

१२५ **आन्तरिक आयः** नगरपालिकाबाट प्राप्त विवरण अनसार आ.व.२०७९/८० मा वडा नं. १ दखि १० सम्म रु.८२,३५,१३९।१६ र नगरपालिकाले उठाएको कर रु.१,०८,५१,९८९।१२ समेत रु.१,९०,८७,०३७।२८ भुक्तानी भएकोमा देखिएका थप व्यहोराहरु निम्नानुसार छन

(क) सटर भाडाः राजश्व परामर्श समितिको २०७९ अषाढ २२ गतेको निर्णय नं.१ अनुसार पालिकाको वडा नं. ६ मा रहेको सटरहरुको हालसम्मको बाँकी रहेको सम्पूर्ण रकम २०७९ अषाढ २८ गतेसम्म सटर भाडा बहाल वापतको बाँकी रकम तिर्नुपर्ने अन्यथा कानुन बमोजिम हुने गरी निर्णय भएकोमा लेखापरीक्षण अवधि २०८०/५/२० सम्म पनि असुल तथा दाखिला नभएको र कसले कति कहिले देखि तिर्नुपर्ने हो सोको अभिलेख समेत नरहेकाले सो सम्बन्धमा छानबिन गरी राजश्व रकम असुल गर्नुपर्दछ ।

(ख) आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(२) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन

आएमा सम्बन्धित कार्यालय प्रमुखले १० दीनसम्म ढिला गरेको भए दाखीला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरीवाना गरी सो समेत दाखीला गर्न लगाउने र सो भन्दा बढी ढीलो गरेको भए दश प्रतिशतका दरले जरीवाना गरी दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम विभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था भएकोले पालिका अन्तर्गतका राजश्व अभिलेख एकिन गरी अध्यावधीक गर्नु पर्दछ ।

(ग) फोहरमैला व्यवस्थापन शुल्कः चन्द्रपुर नगरपलिकाको आर्थिक ऐन, २०७९ बमोजिम पालिकाको वडा नं. ४, ५ र ६ अन्तर्गत विद्युत पसल, क्लिनिक तथा हस्पिटलको फोहरमैला व्यवस्थापन सेवा शुल्क लगाई उठाउने र उक्त वडाको ग्रामिण क्षेत्रका प्रतिघर ३० र अन्यमा ५० को दरले फोहरमैला व्यवस्थापन शुल्क नगदै लिई संकलन गर्ने गरेको लेखापरीक्षणको क्रममा जानकारी भयो। यद्यपी नगदी रसिदको रसिद नियन्त्रण खाता, असुली तथा दाखिला विवरण लेखापरीक्षणको क्रममा पेश नभएकोले नगदी रसिदको प्रयोग र असुली रकम दाखिला सम्बन्धमा एकीन हुन सकेन ।

सैद्धान्तिक बेरुजु

१२६ **पशुबध काटमार ठेक्काः** आ.व. २०७९/८० मा पौराई ब्रह्मस्थान क्षेत्रभित्र पशुबध काटमारको ठेक्का बन्दोबत गर्नका लागि गुरु गणेश निर्माण सेवासंग रु.८७५०००।०० को बोलपत्र स्वीकृत गरेको र एकमुष्ठ जम्मा गर्नेको हकमा १० प्रतिशत छुट गरी सम्झौता गर्ने व्यवस्था अनुसार उक्त व्यवसायीले रु.७१७५००।०० आन्तरिक आय खातामा दाखिला गरेको र बाँकी रु. ७० हजार धरौटी खाताबाट मिलान गर्ने गरी सम्झौता गरेकोमा धरौटी खाता वाट सदरस्याहा गरी आन्तरिक आय खातामा जम्मा नगरेकोले उक्त धरौटी सदरस्याहा गरी छुट रकम समेत असुल गर्नुपर्ने रु. १५७५००।००

१ मूल्य अभिबृद्धि ऐन, २०५२ बमोजिम १३ प्रतिशत मु.अ.कर रु ११३७५० असुल गरी दाखिला गर्नुपर्ने

असुल गर्नुपर्ने	२,८९,२५०

१२७ **चन्द्रनिगाहपुर हाटबजारः** आ.व.२०७९/८० को लागि चन्द्रनिगाहपुर हाटबजार को ठेक्काको लागी जय श्री इन्टर प्राइजेजसंग रु.१९,२५,००० (मू.अ.कर वाहेक) रकम कवोल गरी ठेक्का सञ्चालन गरेको छ। सम्झौता अनुसार सम्झौता मितिले ७ दिनभित्र सम्झौता रकमको ५० प्रतिशत रकम रु.९,६२,५०० आन्तरिक आयखातामा जम्मा गरी बाँकी ५० प्रतिशतको बैंक ग्यारेण्टी (२०८० आषाढ मसान्तसम्म) पेश गरी सम्झौता भएको छ। तर कुल जम्मा गर्नुपर्ने रकम मध्ये नपुग रकम रु.९६,२५० धरौटीबाट हिसाबमिलान गर्ने गरी सम्झौता भएकोमा सो जम्मा नभएकोले आन्तरिक आय खातामा जम्मा गर्नुपर्ने रु. ९६,२५०

• सम्झौता बमोजिम दाखिला गर्न रु.१९,२५० बाँकी देखिएकाले उक्त रकम जरीवाना सहित दाखिला गर्नुपर्ने रु १९,२५०।००

• सम्झौताको सि.नं. ९ बमोजिम सम्झौता रकम रु. १९,२५,००० को १३ प्रतिशतले रु २५०२५०।०० मूल्य अभिबृद्धि दर रकम असुल गरेको प्रमाण पेश गर्नुपर्ने रु २५०२५।००

असुल गर्नुपर्ने	१,४०,५२५

१२८ **दहत्तर वहत्तरः** राजश्व परामर्श समितिको २०७९ मंसिर ८ गते बसेको राजश्व परामर्श समितीको निर्णय अनुसार आई.ई.ई. कार्यपालिकाबाट स्वीकृत भईसकेकाले ढुङ्गा, गिट्टी, वालुवा ग्राभेल उत्खनन तथा बिक्रि वितरणको लागी निम्नानुसारको ठेक्का प्रयोजनको लागी सुचना प्रकाशन गर्ने निर्णय भएकोमा ठेक्का प्रयोजनको लागी सुचना प्रकाशीत गर्ने निर्णय गरेकोमा सुचना तथा प्रमाण पेश भएको छैन। यद्यपी ठेक्का नलागेको भनि लेखापरीक्षणको क्रममा जानकारी भएतापनि पुनः ठेक्का वा अमानतवाट राजश्व संकलन गर्न पहल गरेको देखिएन।

सि.न.	**विवरण**	**उठाउन पाउने परिमाण (क्यु. फिट)**	**न्यूनतम रकम (भ्याट वाहेक)**
१	वागमती पौराइ नदी दोभान देखि मंगलपुर सम्म	२१,८२,९०४।४४	१,३०,९७,४२६।६४
२	चाँदी नदी राजमार्ग उत्तर वडा न. ४	११,४६,४५७।३५	६८,७८,७४४।०१
३	चाँदी नदी राजमार्ग दक्षिण वडा न.५, ८ र ९	१०,२३,०७५।५५	६१,३८,४५३।३०
	जम्मा	**४३,५२,४३७।३४**	**२,६१,१४,६२३।३०**

सैद्धान्तिक बेरुजु

१२९ **नदिजन्य पदार्थको प्रयोग नखुलेकोः** कार्यपालिकाको २०८०।१।२५ को निर्णय नं.२ अनुसार राष्ट्रिय गौरवको योजना रेल्वे, मेट्रो रेल र मोनो रेल विकास योजना र गौर चन्द्रपुर सडक मर्मत कार्य भैरहेको र निर्माण व्यवसायीहरुले नदीजन्य पदार्थ माग भै आएकोमा ढुङ्गा, गिट्ठ, वालुवा उत्खनन बिक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड, २०७७ को बुँदा नं. १२ को व्यवस्था वमोजिम आयोजना प्रमुखले गरेको सिफारिस तथा सम्झौता अनुसार रेल्वे योजनाको लागी रोशनकुमार श्रेष्ठ जे.भि.लाई ३० हजार घन मिटर चन्द्रपुर – गौर सडक खण्डको लागी आश्रय निर्माण सेवा प्रा.लि.लाई १३८२५ घन मिटर नदीजन्य पदार्थ उठाउन लाग्ने दस्तुर अग्रीम रुपमा नगरपालिकामा दाखिला गरेपछि उपलब्ध गराउने निर्णय गरेकोमा, उक्त नदीजन्य पदार्थ कसरी कुन दरमा

प्रयोग गर्न दिने गरी निर्णय भएको देखिएन। नदिजन्य पदार्थको अत्याधिक माग रहेको अवस्थामा ठेक्का नलगाउने, अमानतमा पनि नउठाउने र दस्तुर लिई ४३८२६ घन मिटर प्रयोग गर्न दिनेगरी भएको निर्णयको कार्यान्यन समेत नगर्नुको कारण सम्बन्धमा छानबिन गरी आई.ई.ई प्रतिवेदनले उल्लेख गरेको ४३,५२,४३७।३४ क्युफिट नदिजन्य पदार्थको मु.अ. कर वाहेकको रु.२,६१,१४,६२३।९५ प्राप्त नभएको सम्वन्धमा पालिकाले एकीन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१३० **छुट तलब (१३-२०७९-६-७):** विभिन्न विद्यालयहरुलाई प्रथम चौमासिक रकम भुक्तानी गर्दा श्री आधारभुत विद्यालय वेन्डीका प्रा. वि. शिक्षिका नगिना कुमारी साह को रु ६८ हजार र पंच आ.वि. चेतनगरको शिक्षिका सिर्जना अधिकारीको रु ६८ हजार समेत रु.१२८००० छुट समावेश र बालबिकासको रु १२००००।०० र रु ८५१८९९।०० समेत ९७१८९९।०० विद्यालयखातामा निकासा दिएकाले छुटको पुस्ट्याई पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१,२८,०००

१३१ **कार्य सम्पन्नः** सार्वजिक खरिद नियमावली, २०६४ अनुसार सम्पादित कार्यको सम्झौता बमोजिम कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्दछ तर विभिन्न विद्यालयहरु तथ स्वास्थ्य चौकीहरुमा ई हाजिरी जडान वापत निम्नानुसारका पार्टीलाई न.पा. पुँजिगतवाट भुक्तानी दिएकोमा कार्य सम्पन्न प्रतिवेदन पेश नभएको रु.

गो.भौ.नं. मिति	**विवरण**	**भुक्तानी पार्टी**	**भुक्तानी रकम**
७५५।०८०।३।२१	विद्यालयमा ई हाजिरी जडान(कक्षा १ देखि ८)	कम्प्युटर हव ईन्टरप्राइजेज	९४२२१९
७५६।०८०।३।२१	स्वास्थ्य चौकीमा ई हाजिरी	अन्नपुर्णा आई टी ईन्टरप्राइजेज	४९८०७५
जम्मा			**१४४०२९४**

प्रमाण पेश नगरेको	१४,४०,२९४

१३२ **उद्यम कोषः ४७०।०७९।०८०।३।२४-** एक शिक्षण संस्था एक उद्यम कार्यक्रम अन्तर्गत श्री माध्यमिक विद्यालय जुडिबेलालाई रु. ५,२५,०००।०० उक्त कार्यक्रमवाट निकासा गरेकोमा, प्रस्तावको सि.नं. ४ वमोजिम बैंक तथा बित्तीय संस्था उद्यम कोष स्थापना गरेको प्रमाण पेश नभएको रु.

प्रमाण पेश नगरेको	५,२५,०००

१३३ **कर्मचारी अवकास कोषः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी अवकास कोषमा रु.१५०००००।०० ट्रान्सफर गरेको छ। तर उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानुनको व्यवस्था भएको देखिएन । यसरी कानुनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी अवकास कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकाले उक्त रकम फिर्ता लिई स्थानीय तहको सञ्चित कोषमा दाखिला हुनुपर्ने रु.

असुल गर्नुपर्ने	१५,००,०००

१३४ **कार्य सम्पन्न प्रतिवेदनः** शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं. २.८.९ मा कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदानको व्यवस्था छ । कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदानबाट देहायका विद्यालयलाई विज्ञान प्रयोगशाला स्थापनाका लागि रु.६५००००।०० का दरले रु ३२५००००।- निकासा भएको देखिन्छ । विद्यालय र पालिकाबीच भएको सम्झौतापत्र अनुसार विद्यालयले २०८० असार मसान्तसम्ममा कार्य सम्पन्न गरी प्रतिवेदन पेश गर्नुपर्ने उल्लेख छ । विद्यालयले कार्य सम्पन्न प्रतिवेदन पेश गरेका छैन्। कार्य सम्पन्न गरी प्रतिवेदन पेश गर्नुपर्ने रु.

क्र.सं.	**विद्यालयको नाम**	**रकम**
१	जनजागृती मावि सिन्धुरेघारी	६५००००।००
२	जनज्योती मा वि चन्द्रपुर	६५००००।००
३	बाग्मती मा वि गोपालकृट्टी	६५००००।००
४	शुभलाल भागवत मा वि सन्तपुर	६५००००।००
५	महेन्द्र मा वि रैयाकोट	६५००००।००
जम्मा		**३२५००००।००**

प्रमाण पेश नगरेको	३२,५०,०००

१३५ **कानुन विपरित स्तर बृद्धिः** प्रदेश र स्थानीय तहको पदमा उपयुक्त उम्मेदवारको छनोटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न प्रदेश लोक सेवा आयोग (आधार तथा मापदण्ड निर्धारण) ऐन जारी भएको छ । उक्त ऐन अनुसार स्थानीय तहबाट निवृत्तभरण पाउने पदको नियुक्ति गर्दा र स्थानीय सरकारी सेवाको पदमा ६ महिनाभन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तता, स्थानीय तहको संगठित संस्थाका कर्मचारीको सेवाका शर्त सम्बन्धी कानुन र त्यस्तो सेवाका पदमा बढुवा र विभागीय कारबाही गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तको विषयमा आयोगको परामर्श लिनुपर्ने व्यवस्था रहेको छ । आयोगको परामर्श बेगर स्थानीय तहले गत बर्ष १७ जना कर्मचारीको स्तरवृद्धि गरी पालिकालाई थप व्ययभार पारेको व्यहोरा गत बर्षको लेखापरीक्षण प्रतिवेदनमा औंल्याएकोमा सुधार भएको पाईएन ।

सैद्धान्तिक बेरुजु

१३६ **जिन्सी दाखिला बेगर खर्चः** (४३९-२०७९-१२-१२): आर्थिक कार्यविधि तथा वित्तिय उतरदायित्व नियमावली २०७७ को नियम ९५ मा सरकारी सम्पती खरिद वा कुनै प्रकारले हस्तान्तरण हुन आएमा जिन्सी दाखिला गरेर मात्र खर्च लेख्ने व्यवस्था रहेको छ । यस पालिकाले यस भौचरबाट एल.जी. टि.भि. ४३ ईन्च, किबोर्ड, हार्डडिस्क लागतयतका २० प्रकारका समाग्री ग्लोबल आई.टी.ट्रेकको मिति २०७८।३।२१ को बिजकबाट रु ३९२११०।०० मा खरिद गरेकोमा जिन्सी दाखिला गरेको छैन् । पालिकाले घरायसी प्रयोगमा आउने समाग्री प्रयोग आधार र जिन्सीको लगतमा समेत नदेखिएको साथै गत बर्षको भुक्तानी दिन बाँकी प्रमाणित बेगर जिन्सी आम्दानी नवाधी खर्च लेखेको रु ३९२११०।०० सम्बन्धितबाट असुल हुनु पर्दछ। साथै अन्य यस्ता प्रकारको खरीदको सम्बन्धमा समेत पालिकाले एकिन गर्नु पर्दछ ।

असुल गर्नुपर्ने	३,९२,११०

१३७ **जिन्सी दाखिला बेगर खर्चः** (१०४-२०७९-१२-१२):

गो.भौ.न. १०४ मिति २०७९।१२।१२, जिन्सी दाखिला बेगर खर्चः जिन्सी दाखिला आर्थिक कार्यविधि तथा वित्तिय उतरदायित्व नियमावली २०७७ को नियम ९५ मा सरकारी सम्पती खरिद वा कुनै प्रकारले हस्तान्तरण हुन आएमा जिन्सी दाखिला गरेर मात्र खर्च लेख्ने व्यवस्था रहेको छ । यस पालिकाले यस भौचरबाट निम्नानुसार घरायसी प्रयोगको सामाग्री दिया श्री ग्राफिक्स एण्ड सप्लायर्सबाट मिति २०७९।६।१२ को बिजक नं. ३८ बाट रु ४३८०००।०० मा खरिद गरेकोमा जिन्सी दाखिला गरेको छैन । पालिकाले प्रमुख प्रशासकिय अधिकृत सुरेन्द्र प्रधानको डेरा व्यवस्थापनको लागी निम्नानुसार समाग्री खरिद गरेकोमा प्रयोग आधार र जिन्सीको लगतमा समेत नदेखिएको जिन्सी आम्दानी नबाधि खर्च लेखेको सम्बन्धमा खर्च गर्ने पदाधिकारीलाई जिम्मेवार बनाई असुल हुन पर्दछ । साथै अन्य यस्ता प्रकारको खरीदको सम्बन्धमा समेत पालिकाले एकिन गर्नु पर्दछ ।

सामानको विवरण	**परिमाण**

ए सी	१
फ्रिज	१
भ्यकुम क्लिनर	१
वाल पँखा	३
टेवुल	१
दराज काठको दबल पिस	१
स्टिल दराज	१
पर्दा	१४ मिटर
कार्पेट	९० मिटर
म्याट	२ पिस
सोफासेट	१

पालिकाले सोही प्रकृतिको समान गो भौ न ११२।२०७९।६।१३ मा पुन प्रमुख प्रशासकिय अधिकृतको क्वाटर व्यवस्थापनको लागी एस एस सप्लायर्स सँग निम्नानुसार समाग्री रु ३९१६५८।०० को खरिद गरेको छ ।

सामानको विवरण	**परिमाण**
ए सी	१

फ्रिज	१
भ्यकुम क्लिनर	१
टेवुल	१
कार्पेट	१५ मिटर
म्याट	३ पिस
सोफासेट	२
टि भि ४३ ईन्च	१
वाटर डिस्पोन्सर	१
कुशन	१०

पालिकाले कार्यकारी फेरियपिच्छे समान खरिद गर्नु मनासिव देखिएन । सो सम्बन्धमा एकिन गरी कार्यालयमा रहेको समानको लगत अध्यावधिक गरी नभएको समानको खर्च सम्बन्धित बाट असूल हुनु पर्दछ ।

असुल गर्नुपर्ने	४,३८,०००

१३८ **काम नगरी भुक्तानी (१३४-२०८०-६-२४):** पालिकाले निर्माण सँग सम्बन्धित बास्विक रुपमा भएको कामको मुल्याङ्कन अनुसार नापी किताब र ठेक्का विल अनुसार भुक्तानी दिनु पर्दछ । पालिकाले वडा न २ को वडा कार्यालय निर्णाण तथा कम्पाउण्ड वाल मर्मत बापत उपभोक्ता समितीलाई रु ६७५३१०।०० भुक्तानी दिएकोमा ठेक्का विलमा भुक्तानी भएको ग्रीलको काम बापत ६।६ स्क्वायर मिटरको प्राईमकोट सम्म को रु १३४२४।०० र फलामको मेन गेट निर्माण कार्य बापत ६।४८ मिटर स्केवायर को काम बापत रु ३८४४२।०० समेत गरी रु ५१८६६।०० को मू अ कर सहित रु ५८६०९।०० भुक्तानी भएकोमा नगरपालिकाले सम्झौतामा काम सम्पन भएको फोटो पेश गर्नुपर्ने शर्त बमोजिम उपभोक्ताले पेश गरेको फोटोमा उक्त काम भएको नदेखिएकोले भएको काम भन्दा बढी भुक्तानी दिएको सम्बन्धमा एकिन गरी भुक्तानी भएको रकम रु ५८६०९।०० सम्बन्धमा एकिन गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	५८,६०९

१३९ **करः** अन्तर सरकारी वित्त व्यवस्था ऐन, २०७४ को अनुसूची १ अनुसार सँस्थागत कर उठाउने अधिकार संघीय सरकारको रहने व्यवस्था रहेको छ। यस पालिकाले निम्नानुसार भौचरबाट डोजर तथा हेवी ईकुपमेण्ट बापत व्यवसायिक बहाल कर कट्टा गरेकोमा उक्त रकम संघीय सँचित कोष दाखिला हुनुपर्नेमा नगरपालिकाको आन्तरिक राजस्व खातामा दाखिला गरेको छ। उक्त व्यवसायिक कर सँघीय सँचित कोष दाखिला हुनुपर्ने रु.

गो.भौ.न. नगरपालिका पूँजिगत	**रकम**
१३७	४३९२१४
१५३	१६२५०
१९९	१०९००
२४५	१८२८७
२५७	१२२२१
२६९	१२९५६
२८१	१३७००
३००	१७०३२
३३६	१२५२४
३३९	९२८०
३६५	३५०१०
३९२	५७१२१
४१२	४९४५०

४४६	२८७७५
४७५	१४९१३
४८५	८९००
५१०	९१५५१
५२७	४३६६९
५३४	२५००
५४५	१२३२६
५५०	५८८८
५७०	५७१९०
५८८	५३५०
६००	४५२५
६२७	८५५३८
६३१	४६५०
६७२	२१५२५
७२०	४६१२५
७२८	३६२२४

जम्मा	**११७३५९४**

असुल गर्नुपर्ने	११,७३,५९४

१४० **काम नगरी भुक्तानी (६७४-२०८०-३-३):** पालिकाले निर्माण सँग सम्बन्धित बास्तविक रुपमा भएको कामको मुल्याङ्कन अनुसार नापी किताब र ठेक्का विल अनुसार भुक्तानी दिनु पर्दछ। पालिकाले वडा न ४ को टेकान चोकमा अधुरो बृद्ध मुर्ति निर्माणको लागि रु.२६९५४७।०० को ल.ई.तयार गरी मूल्याङ्कन रु २४०७५९।०० को प्राविधिक विल तयार गरी उ.स.लाई कर कट्टा गरी रु.२१२७४९।०० भुक्तानी दिएको छ। लागत अनुमान तथा कार्य सम्पन्न प्रतिवेदनमा बृद्धको मुर्तिको आईटममा रु.१२०९१०।०० राखी भुक्तानी गरेको छ भने भौचरसँग पेश भएको फोटोमा बृद्धको मुर्ती राखेको देखिन्छ। लेखारीक्षण अवधि २०८०।६।२४ मा स्थलगत निरीक्षण गर्दा उक्त चोकमा बुद्धको मुर्ती मौजुद रहेको पाईएन। यसरी काम नै नगरी भुक्तानी दिएको सम्बन्धमा कार्यालयले एकिन गरी उक्त मुर्ती जडान गर्नु पर्दछ अन्यथा सम्न्धितबाट असूल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	१,२०,९१०

१४१ **अनियमित खर्च (१८५-२०७९-८-११):** एम.आई.एस.अपरेटर विक्रम चौधरीको नाममा रहेको पेश्की चद्रपुर न.पा.का १० वटै वडाका पदाधिकारी र नगरपालिकाका कर्मचारीलाई १ दिने अभिमुखीकरण तालिम तथा ४ दिने व्यक्तिगत घटना दर्ता सम्बन्धी अनलाईन प्रणाली तथा गुनासो सुनवाई व्यवस्थापन समिती व्यवस्थापन सम्बन्धि तालिमको लागी रु २९८१३३।०० पे.फ. तथा भुक्तानी भएको छ । चन्द्रपुर न.पा. नजिकै रहेको होटल ए एन प्लाजा चन्द्रपुर ५ मा कार्यक्रम गरेकोमा सहभागीलाई दैनिक भत्ता बापत रु १३६००००।०० र पालिकाको जिन्सी किताबमा प्रोजेक्टर रहेकोमा पुन प्रोजेक्टर भाडा बापत दैनिक रु २०००।०० का दरले ५ दिनको रु ११३००।०० भाडा बापत खर्च गरेको नियम सम्मत देखिदैन । पालिका सँगैको दुरीमा तालिम सन्चालन गर्दा नगरापालिकाकै कर्मचारी र पदाधिकारीलाई भत्ता दिन मिल्ने कुनै कानुनी आधार बेगर कर कटाई खर्च लेखेको रु ११५६००।०० र पालिकामा मौजुद प्रोजेक्टर प्रयोग नगरी भाडा खर्च लेखेको रु ११३००।०० साथै प्रतिवेदन लेखनको अर्थ मन्त्रालयको नर्म्स अनुसार बढीमा रु १६००।०० भुक्तानी दिनुपर्नेमा रु २५००।०० भुक्तानी भएकोले बढी भुक्तानी भएको रु ९००।०० गरी कूल रु १२७८००।०० सम्बन्धितबाट असूल हुनुपर्ने रु.

अनियमित भएको	१,२७,८००

१४२ **मूल काम नगरी खर्च (२०७-२०७९-९-३):** पालिकाले वडा नं. ९ मा बृक्षारोपन कार्यक्रमको लागी चन्द्रपुर युवा कृषक समुह लाई लागत अनुमानमा ५०० विरुवा रोपी सो को सँरक्षणको लागी ५०० डोल,डोजर र पारीश्रमिक तथा ढुवानीको लागत अनुमान तयार गरेकोमा उक्त समुहले पेश गरेको विल भरपाई परीक्षण गर्दा विरुवा खरिदको विल पेश नभई डोल ५०० थान साथै ड्रोन क्यामेरा, व्यानर,नास्ता र ट्रेक्टर भाडा लगायतका कार्यमा खर्च गरेको तर विरुवा खरिदको विल पेश नभएकोले उक्त कार्यक्रम गरेको भनि विस्तवस्त हुन सकिएन । अतः सम्बन्धित कार्यमा खर्च भए नभएको पालिकाले एकिन गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	३,००,०००

१४३ **स्वास्थय विमा कर्मचारीलाई मोबाईलः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको कार्यालयले नियमितता, मितव्ययितता, कार्यदक्षता, प्रभावकारिता र औचित्यलाई विचार गरी खर्च गर्नुपर्ने उल्लेख छ । यस पालिकाले स्वास्थय विमाका लागि खतिएका कर्मचारीको प्रयोजनको लागी मोबाईल सेट ११ थान मयँक ट्रेडर्स बाट रु ३०२२२४।०० मा ब्राण्ड खुलासा गरी खरिद कोटेशन माग गरेको छ । सरकारी निकालयले ब्राण्ड खुलाई माग गर्न नपाउने सार्वजनिक खरिद ऐनमा व्यवस्था रहेको छ । पालिकाले प्रति मोबाईल रु.२५९९०।०० देखी रु ४१७५९ सम्मका मोबाईल खरिद गरी वितरण गरेको छ । पालिकाले आवश्यकता अनुसारको क्षमताको मोबाईल निर्धारण गरी मितव्यी तवरले खर्च गर्नमा ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१४४ **अनुदान सदुपयोगः** शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० को क्रियाकलाप नं.८.३ मा क्रमागत भवन निर्माणको लागि निकासा भएको रकमबाट विद्यालय निर्माण गरी सोको कार्यसम्पन्न प्रतिवेदन संलग्न गर्नुपर्ने उल्लेख छ । पालिकाले विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तर्गत नमूना विद्यालयको भौतिक निर्माण कार्यको लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्रद्वारा नमूना विद्यालयको रुपमा छनौट भएको श्री जनज्योती माध्यमिक विद्यालय व्यवस्थापन समिति र पालिकाबीच भएको सम्झौता अनुसार विद्यालयलाई १ वटा क्रमागत भवन निर्माणको लागि चालु बर्षमा नमूना विद्यालय सुधार गुरुयोजना अनुरुप भौतिक निर्माण गर्न रु. ५० लाख र विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयनको लागी कार्य सम्पादनमा आधारीत अनुदान रु.३० लाख दिएकोमा पालिकाको २०८०।३।११ को पत्रबाट राष्ट्रिय बाणिज्य बैंक, चन्द्रनिगहापुरमा रहेको उक्त रकम रोक्का राखेकोले कार्य मूल्याङ्कनको आधारमा फरफारक गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	८०,००,०००

१४५ **फोहरमैला व्यवस्थापनः** फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१४६ **सम्झौता कार्यान्वयनः** पालिकाले गैह्रसरकारी सँस्था माण्डवी गौर, रौतहटसँग सुरक्षित आप्रवासन परियोजना (सामी) अन्तर्गत कार्यक्रम सञ्चालनको लागि परामर्श सेवा खरिद सम्झौता गरेको छ। सम्झौतामा परियोजना अवधि २०७९ पुस देखी २०८० असार मसान्तसम्म हुने तथा त्यसपछि कार्य सम्पादन मूल्याङ्कनका आधारमा परियोजना अवधिभर हरेक वर्ष गर्नुपर्ने क्रियाकलाप तथा बजेट तय गर्दै नवीकरण गरिने उल्लेख छ। आर्थिक वर्ष २०७८/०७९ को लागत अनुमानमा ३ जना रिटर्नि र ३ जना सहजकर्ताको सम्झौता मूल्य अभिवृद्धि कर बाहेक रु. ४८५९४०।०० रहेको देखिन्छ। शर्त अनुसार आर्थिक वर्ष २०७८/०७९ को लागि परियोजना

नवीकरण गरेर मात्र सेवा खरिदलाई निरन्तरता दिनुपर्नेमा कार्यालयले शर्त नवीकरण नगरी सेवा प्रदायकसँग निरन्तर सेवा लिएको देखिएन। पालिकाले सम्झौता बमोजिमको कार्य भए गरेको अनुगमन नगरी भुक्तानी दिएकोले नियमानुसार अनुगमन मूल्याङ्कन प्रतिवेदन पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	४,८५,९४०

१४७ **छात्रवृत्तिः** शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं २.८.४ मा IEMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन भरी विद्यार्थी संख्या यकिन गरी मात्र छात्रवृति अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ। पालिकाले IEMIS मा प्रविष्टि भएको तथ्याङ्कको आधारमा देहायका विद्यालयमा रु.३७ लाख २ हजार निकासा गरेको छ। IEMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन नगरी विद्यार्थी संख्या मात्र यकिन गरी छात्रवृति अनुदान निकासा गरेको नियमसंगत देखिंदैन। साथै विद्यालयले छात्रावृत्ति वितरण गरेको भर्पाई पेश भएको छैन्। अतः पालिकाले सत्यापन पश्चात निकासा दिने र सोको अनुगमन गर्नुपर्दछ भने विद्यालयले छात्रावृत्ति वितरणको भरपाई पालिकामा पेश गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१४८ **शिक्षक व्यवस्थापनः** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । पालिकाले विद्यार्थि शिक्षकको अनुपातमा शिक्षक दरबन्दी मिलान गर्नुपर्दछ ।

क.सं.	**विद्यालयको नाम**	**शिक्षक दरबन्दी**	**पदपूर्ति**	**पदपूर्ति मध्ये करार**	**विद्यार्थी संख्या**
	उच्च मा.वि.११।१२	१२	१२	१२	२२९४
	मा.वि. ९ र १०	५६	५५	७ राहत	२८८८
	नि.मा.वि. ६ देखी ८	४२	४२	१९	४८१६
	प्रा.वि.१ देखी ५	२१४	२१४	७२ राहत र करार	९२८८

सैद्धान्तिक बेरुजु

१४९ **विद्युत महसुल तथा सवारी नविकरणमा जरिवानाः ५७।०७९।०९।१९,** सार्वजनिक खर्चमा मितव्ययित तथा

प्रभावकारी बनाउने सम्बन्धि मापदण्ड, २०७८ को बुँदा नं. १५ बमोजिम बिजुली महसुल समयमा भुक्तानी नगरी जरिवाना तिर्नुपर्ने अवस्था आएमा त्यस्तो जरिवाना वापतको रकम सम्बन्धित कार्यालय प्रमुख र लेखा प्रमुखबाट असुल उपर गर्नुपर्ने व्यवस्था छ । पालिका र मातहतका विभिन्न कार्यालयहरुको श्रेस्ता परीक्षणको क्रममा केही नमुना परीक्षणको रुपमा परीक्षण गर्दा विद्युत महसुलमा रु. ४२,२८२ र सवारी नविकरणमा रु. ५५,९५४ समयमै भुक्तानी जरिवाना तिरेको छ । समयमा भुक्तानी दिने व्यवस्था मिलाई छुट लिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान : चन्द्रपुर नगरपालिका, रौतहट ।

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	हरि लाल पुरी	२०७९-५-३	हाल सम्म कार्यरत
लेखा प्रमुख	अर्पणा देवकोटा	२०७७-१२-९	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरणः

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
३६,९६०,१२२	२१,१२२,९७९	१०१,४२१,३६५	०	०	२५,२१४,८२७
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.					१८४,७१९,२९३
प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.					०

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
संपरीक्षणबाट थप भएको बेरुजू रु.					०
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.					१८४,७१९,२९३

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		१७१३४१२३१	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	७२४३६८०००	**चालु खर्च**	९३८३३६४५३
प्रदेश सरकारबाट अनुदान	२११२६७५०	**पूँजीगत खर्च**	४६४२२२३९४
राजश्व बाँडफाँट	१३४०७७८४४	**वित्तीय/अन्य व्यवस्था**	०.०
आन्तरिक आय	२७२४६०००		
अन्य आय	४८७९६७३३६		
कुल आय	१३९४७८५९३०	**कुल खर्च**	१४०२५५८८४७
बाँकी मौज्दात		१६३५६८३१४	

नोटः प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन (PAR) र अन्तिम लेखापरीक्षण प्रतिवेदन (FAR) मा जारी भएको दफाको क्रम संख्या हेरफेर हुन सक्नेछ ।